# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७१ | काठमाडौं | शुक्रबार, १९ असार २०८३ | Prabhab National Daily | Friday, 3 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# सय कार्यसूचीको काम देखाउन हतारमा लालपूर्जा वितरण

## भूमिहीन दलित र भूमिहीनले कार्यविधिअनुसार पाएनन् जग्गा

यस वडामा २७० जना भूमिहीन छन् । बिहीबार २९ जनालेमात्र लालपूर्जा पाए । यसमा पनि कसैले दुई कठ्ठा पाए कसैले एक कठ्ठामात्र

**■ नरे थापा**
**वडाध्यक्ष, बढैयाताल-४**

केहीले प्रतिपरिवार जति साढे पाँच कट्ठा जग्गा पाएका छन् । केही परिवारले कम उपभोग गर्दै आउनुभएकोले जति उपभोग गर्दै आउनुभएको थियो त्यति नै पाउनुभएको छ

**■ गोगनबहादुर हमाल**
**प्रमुख जिल्ला अधिकारी, बर्दिया**



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले भूमिहीनलाई दिनुपर्ने जमिनको कार्यविधि अनुसार बस्न र खेती गर्न कम्तीमा ४ रोपनी जग्गा दिनैपर्छ । जेठ ११ गते राजपत्रमा प्रकाशित 'भूमिसम्बन्धी (एक्कासौं संशोधन) नियमहरू, २०८३' मा भूमिहीनलाई दिनुपर्ने जमिनको बारेमा उल्लेख गरिएको छ ।

वास्तविक सुकुमबासीलाई यही कार्यविधि अनुसार जमिन दिनुपर्ने भए पनि सरकारले सय बुँदे कार्यसूचीमा देखाउन हतारो गरेर बिहीबार बार्दिया बढैयातालका २९ जनालाई लालपूर्जा बाँडेको छ । २०४७ सालदेखि बढैयातालको वडा- ४ को मानकिनारमा बस्दै आएका २७० जना परिवारमध्ये सरकारले २९ जनालाई हतारहतार लालपूर्जा बाँडेको हो । 'यस वडामा २७० जना भूमिहीन छन् । आज २९ जनालेमात्र लालपूर्जा पाए । यसमा पनि कसैले दुई कठ्ठा पाए कसैले एक कठ्ठामात्र,' बढैयाताल वडा ४ का अध्यक्ष नरे थापाले भने ।

कार्यविधिमा २००० वर्गमिटर अर्थात करिब ४ रोपनी(साढे पाँच कठ्ठा) जमिन पाउनुपर्ने भए पनि सरकारले हतारो गरेर जग्गा बाँडेकोमा वडाध्यक्ष थापाले असन्तुष्टि जनाए । 'बालेन सरकारले गानामात्र गाएर बस्यो । सुकुमबासीलाई दिन्छु भनेको जग्गा दिनसक्नुपर्छ । सबैलाई न्याय हुनुपर्छ,' वडाध्यक्ष थापाले भने । यहाँका सुकुमबासीलाई जग्गा दिन आफू वडाध्यक्ष भएदेखि लागी परेको उल्लेख गर्दै थापाले संघीय सरकारको हतारो गर्दा धेरै कुरा बिग्रनसक्ने बताए ।

सरकारले भूमिहीन समस्या समाधान गठन गरेपछि पहिलोपटक भूमिहीनलाई लालपूर्जा वितरण गरिएको हो । सरकारको सय दिने कार्यसूचीको ९१ औं नम्बरमा यसलाई राखेको छ । 'देशभरका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत संकलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने र भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या १००० दिनभित्र समाधान गर्न स्थानीय तहको समन्वयमा घर परिवार सर्वेक्षण सञ्चालन गर्ने, वास्तविक लाभग्राही पहिचानका लागि स्पष्ट मापदण्ड लागू गर्ने, सार्वजनिक, ऐलानी तथा गुठी जग्गाको अभिलेख अद्यावधिक, नक्साङ्कन तथा जिआइएसमा आधारित डिजिटल डाटाबेस तयार गर्ने, पहिचान भएका वास्तविक सुकुम्बासीलाई चरणबद्ध रूपमा जग्गा उपलब्ध गराउने वा घना शहरी क्षेत्रमा वैकल्पिक रूपमा एकीकृत आवासमार्फत पुनर्वासको व्यवस्था मिलाउने,' उक्त कार्यसूचीमा भनिएको छ । सरकारले वैशाख १२ गतेयता काठमाडौंलगायत देशका विभिन्न स्थानमा बस्दै आएका भूमिहीनको बस्ती भत्काएर यो कार्य गरे पनि तीन महिनासम्म प्रमाणीकरणका काम सकाएको छैन ।

भूमिहीन समस्या समाधान समितिका अध्यक्षसमेत रहेका बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले प्रति परिवार पाँच कट्ठाको दरले जग्गा पाएको बताए । 'कार्यविधिअनुसार प्रति परिवार जति साढे पाँच कट्ठा जग्गा पाएका छन् । केही परिवारले कम उपभोग गर्दै आउनुभएकोले जति उपभोग गर्दै आउनुभएको थियो त्यति नै पाउनुभएको छ,' प्रजिअ हमालले भने ।

लालपूर्जा बाँड्न भूमिहीन समस्या समाधान समितिका केन्द्रीय अध्यक्ष बलभद्र बास्तोलासमेत पुगेका थिए । बर्दियामा १३ हजार भूमिहीन र ३२ हजार बढी अव्यवस्थित बसोबासी छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

# तितरबितर बनेपछि एकताको पक्षमा कांग्रेस संस्थापनइतर

**■ जेबी योञ्जन**



**काठमाडौं–** नेपाली कांग्रेसभित्र विशेष महाधिवेशनपछि ६ महिनादेखि जारी आन्तरिक विवादमा संस्थापनइतर पक्ष लचक हुने देखिएको छ । पार्टी एकतालाई पहिलो प्राथमिकतामा राख्दै संस्थापनइतर पक्ष आफ्ना केही अडानमा लचक हुने अवस्थामा पुगेको हो ।

तर, के के एजेन्डामा लचक हुने भन्ने खुलाइएको छैन । बुधबार नेता विमलेन्द्र निधिको निवास थापागाउँमा नेताहरू डा. शशांक कोइराला र प्रकाशमान सिंह पुगेका थिए । त्रय नेताको छलफलमा पार्टी एकताका लागि लचक हुने समझदारी भएको सिंहनिकट एक नेताले बताए । 'केन्द्रीय सदस्य १११ जना बनाउनुपर्ने जस्ता एजेन्डा हाम्रा छन् । विधानको केही प्रावधान निलम्बन गरेर भए पनि हाम्रो पक्षलाई सम्बोधन गर्नुपर्छ भनेका छौं, क्रियाशील सदस्यता नवीकरणसँगै अन्य विषयमा राख्दै आएको अडानमा हामी लचक हुने भनेका हौं,' ती नेताले बताए ।

आज (शुक्रबार) नेता पूर्णबहादुरको निवासमा इतरपक्षको बैठक बस्दै छ । बैठकमा पार्टीभित्रको पछिल्लो राजनीतिक अवस्था, संस्थापन पक्षसँग भइरहेको संवाद, १५औं महाधिवेशनको तयारी तथा एकताको आधार तयार गर्ने विषयमा विस्तृत छलफल हुने जनाइएको छ । इतर पक्षका नेताहरूका अनुसार अब टकरावलाई लम्ब्याउनेभन्दा पनि वार्तामार्फत साझा निष्कर्षमा पुग्ने वातावरण बनाउनुपर्ने आवश्यकता महसुस गरिएको छ ।

पछिल्ला केही सातादेखि संस्थापन र इतर पक्षबीच प्रस्ताव र प्रत्युत्तर आदान-प्रदान भइरहेको छ । दुवै पक्षले आफ्ना धारणा लिखित रूपमा साटासाट गरिसकेका छन् । त्यसपछि संस्थापन पक्षका महामन्त्री गुरुराज घिमिरेले इतर पक्षका नेता पूर्णबहादुर खड्का, डा. शेखर कोइराला र कृष्णप्रसाद सिटौलासँग छुट्टाछुट्टै भेटवार्ता गरेर सहमतिको सम्भावना खोजेका थिए । ती भेटवार्तापछि संवाद सकारात्मक दिशातर्फ अघि बढेको दुवै पक्षका नेताहरूको भनाइ छ ।

इतर पक्षले यसअघि विशेष महाधिवेशनको प्रक्रियामाथि प्रश्न उठाउँदै आएको थियो । तर सर्वोच्च अदालतबाट विशेष महाधिवेशनबाट बनेको कार्यसमितिले वैधानिकता पाएपछि इतर पक्षले आफ्नो रणनीति परिवर्तन गरेको देखिन्छ । अहिले उनीहरूको मुख्य जोड आगामी महाधिवेशनको निष्पक्षता, सदस्यताको व्यवस्थापन र पार्टीभित्र सम्मानजनक राजनीतिक सहभागितामा केन्द्रित भएको छ ।

इतर पक्षले संस्थापनसँगको वार्तामा १४औं महाधिवेशनबाट निर्वाचित भएर बाहिर रहेका १११ जना केन्द्रीय सदस्यलाई समायोजन गर्नुपर्ने, महाधिवेशनसँग सम्बन्धित सबै समितिमा प्रतिनिधित्व दिनुपर्ने तथा सदस्यता अद्यावधिक गरेका सबैलाई महाधिवेशनमा सहभागी हुन दिनुपर्ने प्रस्ताव अघि सारेको छ । संस्थापन पक्षले भने विशेष महाधिवेशनको वैधतामाथि प्रश्न उठाउने प्रस्ताव स्वीकार्य नहुने स्पष्ट पारे पनि समायोजनका विषयमा संवाद जारी राखेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### वैदेशिक रोजगारबाट फर्किएर उद्यमी बनेकालाई सम्मान

# मोरङका लोकबहादुरले पाए यस वर्षको 'उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार'



वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुनःएकीकरण नेपाल सरकारको प्रमुख प्राथमिकतामा हो । उहाँहरूले विदेशमा सिकेका सीप, अनुभव र आर्जन गरेको धन नेपालमै उपयोग गर्न सकून् भन्ने हाम्रो चाहना हो ।

**■ रामजी यादव**
**श्रममन्त्री**

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** यस वर्षको उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार मोरङका लोकबहादुर राईले प्राप्त गरेका छन् । वैदेशिक रोजगारीबाट फर्किएर उद्यम गरिरहेकाहरूमध्येबाट उनी उत्कृष्ट उद्यमी बनेका हुन् ।

युवा, श्रम तथा रोजगार मन्त्रालयले बिहीबार राईसँगै अन्य छ जनालाई उद्यमी राष्ट्रिय पुरस्कार प्रदान गरेको छ । सिंहदरबारस्थित श्रम मन्त्रालयमा आयोजित कार्यक्रममा श्रममन्त्री रामजी यादवले उनीहरूलाई पुरस्कारसहित सम्मान गरेका थिए ।

उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार प्राप्त गर्न सफल राई मोरङस्थित प्रशंसा 'हनि' फार्मका सञ्चालक हुन् । कतारमा रोजगार गरी स्वदेश फर्किएका राई मौरीपालन गर्दै उद्यमीका रूपमा स्थापित भएका छन् । पुरस्कार ग्रहण गरेपछि राईले आफ्नो उद्यम यात्राको अनुभव सुनाए । उनले मिहेनत गरे आफ्नै देशमा आम्दानी गर्न सकिने विश्वास व्यक्त गरे ।

उद्यमी राष्ट्रिय पुरस्कार प्राप्त गर्ने अन्य उद्यमीहरूमा

⏭ क्रमशः पृष्ठ २ मा


# प्रेस विज्ञप्ति

नेपाली श्रमिकहरूले विश्वका विभिन्न श्रम गन्तव्य मुलुकहरूको आर्थिक तथा पूर्वाधार विकासमा पुऱ्याउँदै आएको योगदान अत्यन्त महत्वपूर्ण छ। त्यसैगरी, ती मुलुकहरूले नेपाली युवालाई उपलब्ध गराउँदै आएको रोजगारीको अवसर पनि नेपालको आर्थिक तथा सामाजिक विकासका लागि उत्तिकै महत्वपूर्ण रहेको छ । यस आपसी सम्बन्धलाई अझ सुदृढ बनाउँदै श्रमिकको हित, सहजता, पारदर्शिता तथा न्यायपूर्ण भर्ना प्रणाली सुनिश्चित गर्नु सबै सरोकारवालाको साझा दायित्व हो । यसै सन्दर्भमा, नेपाली श्रमिकमाथि अनावश्यक आर्थिक भार थप्ने, निष्पक्ष प्रतिस्पर्धालाई सीमित गर्ने तथा एकाधिकारलाई प्रोत्साहन गर्ने कुनै पनि व्यवस्था वा प्रणालीप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको स्पष्ट असहमति तथा घोर विरोध रहेको छ ।

विशेषगरी, संयुक्त अरब इमिरेट्स (UAE) जाने नेपाली श्रमिकका लागि प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरणका नाममा भइरहेको अतिरिक्त आर्थिक भार, साउदी अरब जाने श्रमिकमाथि आर्थिक बोझ थप्ने SVP प्रणाली, तथा स्वास्थ्य परीक्षणका नाममा देखिएका एकाधिकारपूर्ण अभ्यासहरु तत्काल पुनरावलोकन गरी खारेज गर्न नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालय, सम्बन्धित सरकारी निकायहरु तथा सम्बन्धित श्रम गन्तव्य मुलुकहरूको गम्भीर ध्यानाकर्षण गराउँदछौं । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ सदैव पारदर्शी, प्रतिस्पर्धात्मक, श्रमिकमैत्री तथा शून्य एकाधिकारमा आधारित वैदेशिक रोजगार प्रणालीको पक्षमा दृढतापूर्वक उभिने प्रतिबद्धता व्यक्त गर्दछ । श्रमिकको हक, हित र सम्मानको संरक्षण गर्दै सुरक्षित, मर्यादित र सहज वैदेशिक रोजगार प्रणाली निर्माणका लागि संघ निरन्तर सक्रिय रहने विश्वास दिलाउन चाहन्छ ।

**डिक बहादुर खत्री (कुमार)**
**अध्यक्ष**

**हिरा बहादुर डाँगी (हरि)**
**महासचिव**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल- ७, काठमाडौं, फोन नं.-१-४५९०९६५/४५९४४१८




# भेटिएन कर्णालीमा खसेको गाडी



**कर्णाली–** कर्णाली राजमार्गको दैलेख सडकखण्डमा दुर्घटना भइ कर्णाली नदीमा खसेको यात्रुबाहक गाडी बिहीबार रातिसम्म पनि फेला नपरेको प्रहरीले जनाएको छ । सशस्त्र प्रहरी बल, नेपाल नं ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतको ६ गोताखोरको टोली झण्डै चार घण्टा गाडीको खोजबीन गरेको थियो ।

पानीको सतह बढेको र वर्षापछि आएको बाढीले पानी धमिलो हुँदा गाडी खोज्न नसकिएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक जयराज सापकोटाले जानकारी दिए । करिब ५० सुरक्षाकर्मीसहित घटनास्थलमा पुगेका छन् । 'राति भएकाले खोज तथा उद्धारको काम हुन सकेको छैन, शुक्रबार बिहानैदेखि पुनः खोज उद्धार कार्य थाल्छौं', सापकोटाले भने ।

बिहीबार बिहान सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको क प्र ०२-००१ ख १०५५ नम्बरको गाडी ११:३० बजे दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ साङ्गेतडामा दुर्घटना भई कर्णाली नदीमा खसेको थियो । जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी नायब उपरीक्षक श्रवण विकका अनुसार घटनास्थलमा उद्धार सामाग्रीसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल गुल्म दैलेख, माथिल्लो कर्णाली जलविद्युत् आयोजना सुरक्षा बेसको जनशक्ति संयुक्तरूपमा खोज तथा उद्धार कार्यमा परिचालन गरिएको थियो ।

सुर्खेत बसपार्कबाट बिहान छुट्दा उक्त गाडीमा पाँच जना सवार रहेको भनिए पनि उक्त सङ्ख्या एकिन नभएको प्रहरी नायब उपरीक्षक विकले बताए । उहाँका अनुसार गाडी कर्णाली नदीमा डुबेको स्थान प्रहरी चौकी पाल्तडाबाट तीन किलोमिटर उत्तरतर्फ र जिप्रका दैलेखबाट ५० किलोमिटर पश्चिमतर्फ पर्छ ।

उक्त गाडीमा १४ जना सवार रहेको प्रारम्भिक अनुमान गरिएको छ । दुर्घटनास्थलमा एक जना पहिचान नखुलेका पुरुषको शव फेला परेको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक विकले जानकारी दिए । *रासस*

# कान्ति लोकपथ राति अस्थायी रुपमा बन्द

**ललितपुर (प्रस)–** वर्षायामसँगै मनसुन सक्रिय भई विपद्को जोखिम बढ्दै गएपछि कान्ति लोकपथमा रातिको समयमा सवारी आवागमन अस्थायीरूपमा बन्द गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय ललितपुरले बिहीबार सार्वजनिक सूचना जारी गर्दै कान्ति लोकपथ हुँदै मकवानपुर-सिन्धुली आवतजावत गर्ने सार्वजनिक, निजी तथा यात्रुवाहक सवारीसाधनलाई अर्को सूचना प्रकाशित नभएसम्म हरेक दिन साँझ ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म सञ्चालन गर्न रोक लगाइएको जनाएको छ ।

कार्यालयका अनुसार कान्ति लोकपथका अधिकांश सडकखण्ड भौगोलिक तथा भूगर्भीय दृष्टिले अत्यन्त जोखिमयुक्त रहेका छन् । वर्षायाममा पहिरो जाने, ढुंगा खस्ने तथा सडक अवरुद्ध हुने सम्भावना उच्च भएकाले यात्रु र सवारीसाधनको सुरक्षालाई ध्यानमा राख्दै यस्तो निर्णय गरिएको हो ।

राजमार्गमा हुनसक्ने मानवीय तथा भौतिक क्षति कम गर्ने उद्देश्यले उक्त निर्णय लागू गरिएको प्रशासनले जनाएको छ। साथै सर्वसाधारण, यातायात व्यवसायी तथा सम्बन्धित सबै पक्षलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ ।

## पृष्ठ १ बाट क्रमशः

## सय कार्यसूचीको...

उनीहरूलाई कहिले जग्गाधनी बनाउने भन्ने यकिन नभएको प्रजिअ हमालले बताए ।

भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला मन्त्री प्रतिभा रावलले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताएकी छन् । मन्त्री रावलले बर्दियाबाट सुरु भएको लालपुर्जा वितरणलाई क्रमशः देशभर विस्तार गर्दै वास्तविक भूमिहीन नागरिकलाई जग्गाको कानुनी स्वामित्व दिलाइने बताइन् । भूमिहीन र अव्यवस्थित बसोबासीको रूपमा सूचीकृतको संख्या १२ लाख ४६ हजार १२३ छन् ।

■■■

## तितरवितर...

महामन्त्री घिमिरेले पनि दुवै पक्ष पार्टी एकताको पक्षमा रहेको बताएका छन् । उनका अनुसार अहिलेको राजनीतिक परिस्थितिले कांग्रेसलाई विभाजित भएर होइन, एकताबद्ध भएर अघि बढ्नुपर्ने सन्देश दिएको छ । घिमिरेले भनेका छन्, 'सम्भावित चुनौती धेरै छन् । प्रदेश र स्थानीय तहको निर्वाचन आउँदै छ । त्यसको सामना गर्न पार्टी एक हुनैपर्छ भन्नेमा सबै नेताहरूको समान धारणा छ। अब संवादबाटै सहमतिको बाटो खोजिन्छ ।'

यद्यपि उनले विशेष महाधिवेशनको औचित्यमाथि प्रश्न उठाउने गरी आउने प्रस्ताव स्वीकार गर्न नसकिने स्पष्ट पारेका छन् । यता इतर पक्षभित्र पनि पार्टी विभाजनको विकल्प कमजोर बन्दै गएको देखिन्छ ।

इतर पक्षभित्र एकताको पक्षमा वातावरण बन्दै गएको अर्को संकेत पूर्वसहमहामन्त्री किशोरसिंह राठोरको अभिव्यक्तिलाई पनि मानिएको छ । लुम्बिनी प्रदेशस्तरीय भेलामा उनले कांग्रेस नछाड्ने स्पष्ट घोषणा गरेका थिए । उनले भनेका थिए, 'म कांग्रेस छोड्नेवाला छैन । चारतारे झण्डा र रूख चिह्न छाड्ने पक्षमा म छैन । पार्टीभित्र फरक मत हुन सक्छ, तर भित्रै बसेर लड्नुपर्छ ।'

यही कारण अहिले इतर पक्षभित्र पनि संघर्षभन्दा सहमतिमार्फत अघि बढ्ने मत बलियो हुँदै गएको नेताहरू बताउँछन् । यद्यपि वार्ता जारी रहेकै बेला इतर पक्षले आफ्ना संगठनात्मक गतिविधिलाई पनि निरन्तरता दिएको छ । काठमाडौंको चुनदेवीमा सम्पर्क कार्यालय स्थापना गरिएको छ । उक्त कार्यालयबाट महाधिवेशन लक्षित छलफल, भेटघाट र समन्वयका गतिविधि सञ्चालन गरिने नेताहरूले बताएका छन् । नेता प्रकाशशरण महतले भनेका छन् 'हाम्रो नियमित सम्पर्क गर्ने ठाउँ थिएन । त्यसैले सम्पर्क कार्यालय खोलेका हौं । अब त्यहीं बसेर छलफल र महाधिवेशनको तयारीलाई व्यवस्थित बनाउँछौं ।'

इतर पक्षले सातै प्रदेशमा प्रदेशस्तरीय भेला सम्पन्न गरिसकेको छ। अब काठमाडौंमा राष्ट्रिय भेला आयोजना गर्ने तयारी पनि भइरहेको छ। यद्यपि नेताहरूका अनुसार राष्ट्रिय भेलाको उद्देश्य पार्टी विभाजन होइन, संस्थापन पक्षसँग सहमतिको वातावरण बनाउन दबाब सिर्जना गर्नु हो ।

■■■

## मोरङका...

झापाका मनिका राई, सप्तरीका देवलाल यादव, सिन्धुलीका यमकुमार गोले, पर्वतका शिवकुमार क्षेत्री, अर्घाखाँचीका दिनेश खत्री र बाजुराका कर्मराज मल्ल रहेका छन् । उनीहरूले पनि वैदेशिक रोजगारका क्रममा विभिन्न मुलुकमा काम गरेर फर्किएपछि उद्यम सञ्चालन गरिरहेका छन् ।

कार्यक्रममा श्रममन्त्री यादवले पुरस्कृत उद्यमीहरूलाई बधाइ तथा धन्यवाद दिए । उनले विदेशमा सिकेको सीप, अनुभव र आर्जन गरेको धन स्वदेशमै लगानी गरेर रोजगारी सिर्जना गर्ने आँट गरेको भन्दै उद्यमीहरूको प्रशंसा गरे ।

'वैदेशिक रोजगारीबाट फर्किएपछि फेरि वैदेशिक रोजगारीमा फर्कनु नपरोस् भन्ने आँट र संकल्प उहाँहरूले गर्नुभएको छ, त्यसलाई म उच्च सम्मान गर्छु,' मन्त्री यादवले भने, 'उहाँहरू फर्किसकेका श्रमिकहरूका लागिमात्रै होइन, फर्कन सोच बनाइरहेका श्रमिकहरूका लागि पनि प्रेरक र आइडल हुनुहुन्छ ।'

उनले सरकार सधैं उद्यमीहरूको साथमा रहने बताउँदै सरकारसँग के अपेक्षा छ, उद्यम सञ्चालनका क्रममा के-कस्ता समस्या भोग्नुपरेको छ र आगामी दिनमा के सुधार गर्नुपर्छ भन्ने सुझाव दिन पनि आग्रह गरे । 'वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुनःएकीकरण नेपाल सरकारको प्रमुख प्राथमिकतामा हो । उहाँहरूले विदेशमा सिकेका सीप, अनुभव र आर्जन गरेको धन नेपालमै उपयोग गर्न सकून् भन्ने हाम्रो चाहना हो,' मन्त्री यादवले भने ।

उनले वैदेशिक रोजगार व्यवस्थित बनाउँदै स्वदेशमै रोजगार सिर्जना गर्नु मन्त्रालयको आगामी मुख्य कार्यदिशा रहेको बताए । उनले युवा उद्यमी र व्यवसायीको सहयोगीका रूपमा मन्त्रालयले भूमिका खेल्ने बताए । कार्यक्रममा मन्त्रालयले बालश्रममुक्त घोषणा भएका १३ स्थानीय तहलाई सम्मान गरिएको थियो। काठमाडौंको चन्द्रागिरि नगरपालिका, म्याग्दीको रघुगंगा गाउँपालिका, रोल्पाको त्रिवेणी गाउँपालिका, कपिलवस्तुको बुद्धभूमि नगरपालिका र बाणगंगा नगरपालिका, इलामको सूर्योदय नगरपालिका, तनहुँको म्याग्दे गाउँपालिका, भोजपुरको पौवादुङमा गाउँपालिका, बागलुङको बरेङ गाउँपालिका, स्याङजाको बिरुवा गाउँपालिका र फेदीखोला गाउँपालिका, काभ्रेपलाञ्चोकको पनौती नगरपालिका तथा हुम्लाको खार्पुनाथ गाउँपालिकाका प्रमुखले सम्मान र प्रशंसापत्र ग्रहण गरे ।

कार्यक्रममा मन्त्रालयका सचिव डा. दीपक काफ्लेले श्रमिकको हकहित संरक्षण, रोजगार वातावरण सिर्जना र बालश्रममुक्त समाज निर्माण गर्न मन्त्रालयले सधैँ प्रभावकारी भूमिका निर्वाह गर्न तत्पर रहँदै आएको बताए ।

### बिमालेख हराएको सूचना

मिति २०८३/०३/१० गते, पोखरा, पासाङ-०५, कास्कीमा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुंदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : दान बहादुर महतो**
**बिमालेख नं : ११००३२२४१**
**ठेगाना : नारायणी-५, नवलपरासी**
**कम्पनी: एल.आई.सि (नेपाल) लि.**

### बीमालेख प्रमाणपत्र हरायो

मिति २०८३/०२/०५ गते काठमाडौं, चावहिलदेखि बालाजुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : Kumari Tamang**
**बिमालेख नं.: GLI0230010725**
**कम्पनी : Himalayan Life Insurance Limited**
**ठेगाना : Kathmandu**
**सम्पर्क नं : 9744635078**

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालय

### हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०८२/११/१३ मा दर्ता भएको **मोन्ट औरा रिसोर्ट प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३८६३१०)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### बीमा अभिलेख प्रमाणपत्र हरायो

मिति २०८३/०२/२० गते गुल्मीदेखि काठमाडौंसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : Keshar Kumar Giri**
**बिमालेख नं.: 250404824**
**कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.**
**ठेगाना : Chandragiri-01, Kathmandu, Nepal**
**सम्पर्क नं : 9743911127**

### एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८३/०३/१९

यस बैंकका निक्षेपकर्ता श्री नन्दलाल लामिछानेको नाति, श्री भीमप्रसाद लामिछानेको छोरा, स्याङ्जा जिल्ला, आँधीखोला न.पा वडा नं. ०४, बाङसिङ घर भई हाल कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १७, प्रगति टोल बस्ने वर्ष ५२ को श्री **ठाकुर प्रसाद लामिछाने** (ना.प्र.नं. ४१९८१, जारी मिति २०५४/०८/२४, स्याङ्जा) को मिति २०८३/०२/१९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको श्रीमती लक्ष्मी देवी ढकाल लामीछानेले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमती लक्ष्मी देवी ढकाल लामीछाने को हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### काठ सिलबन्दी बोलपत्रद्धारा लिलाम विक्रीको सूचना

*प्रथम पटक प्रकाशित मिति २०८३/०३/१९ गते*

इबेक सा.व.उ.स., देउमाई न.पा.९ इलामको वनबाट गत आ.व.मा उत्पादन भई समुहको घाटगद्धीमा लट बनाई राखिएका काठहरू डि.व.का. इलामको लिलाम सहमति अनुसार साल चिरान थान २७४ को २९४.४३ क्यु.फि. र अन्य चिरान ४५ को ७१.४५ क्यू.फि.काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धी कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्लास्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री इबेक सा.व.उ.स.**
**देउमाई न.पा.९, इलाम**

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस World King H.R. International Pvt. Ltd. (ई.प.नं. १७००/०८१/८२) मा **पोस्ट म्यानेजिङ डिरेक्टर** पदमा कार्यरत **हवि मुहम्मद खाँ** (ना.प्र.प.नं.१८३) र **किचन हेल्पर** पदमा कार्यरत **लिलामाया मगर** (ना.प्र.प.नं.१४-०१-७३-०३२९०) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Shan A.B. International Pvt. Ltd.) (ई.प.नं. ९१५/०६७/०६८) मा **अपरेशनल म्यानेजर** पदमा कार्यरत **पवन बोगटी** (ना.प्र.प.नं.२११०२८/३११५५, रामेछाप) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)
श्रम ईजाजत नं. ९१५/०६७/६८

### काठ शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८३/०३/१९ गते**

सूर्योदय सा.व.उ.स., माई न.पा. ६ इलामको वनबाट गत आ.व.मा उत्पादन भई समुहको घाटगद्धीमा लट बनाई राखिएका काठहरु डि.व.का. इलामको लिलाम सहमती अनुसार साल गोलिया थान ८९ को ७०५.२० क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरुको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सूर्योदय सा.व.उ.स. माई न.पा. ६, इलाम**

### दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

*प्रकाशित मिति : २०८३/०३/१९ गते, शुक्रबार*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री Rara Employment Consult (P.) Ltd. (ई.प.नं.२१/०४८/४९) ले यस विभाग समक्ष बाँके जिल्ला नेपालगंज उपमहानगर पालिका वडा नं. १० स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाऊँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन** भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०३/१८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल असार महिना १९ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय दलदलेबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शीर्षक : सहुलियत व्यावसायिक कर्जा**

**ऋणीको विवरण**

नाम : **निस्मा स्टोर्स** प्रोप्राइटरको नाम : दिपा सापकोटा न्यौपाने प्रा.फ.द.नं. : ११७९/०७७/०७८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पुर्व), नवलपुर
दर्ता मिति : २०७७/०९/०७
रजिष्टर्ड ठेगाना : नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १२ स्थायी लेखा नं. : ६१४५७०५३३

**व्यक्तिगत धनजमानीहरुको विवरण**

१) हरि प्रसाद सापकोटाको छोरी हरिलाल न्यौपानेको बुहारी निर्मल न्यौपानेको पत्नी नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १२ हाल, नवलपरासी (ब.सु.पू.) जिल्ला देवचुली न.पा. वडा नं. १२ बस्ने **दिपा सापकोटा न्यौपाने** (ना.प्र.नं. ३६-०२-७५-००४३५ जारी मिति र जिल्ला : २०७५/०१/१६, नवलपरासी)

२) छबिलाल न्यौपानेको नाति हरिलाल न्यौपानेको छोरा नवलपरासी जिल्ला प्रगतीनगर गा.वि.स. वडा नं. ७ हाल, नवलपरासी (ब.सु.पू.) जिल्ला देवचुली वडा नं. १२ बस्ने **निर्मल न्यौपाने** (ना.प्र.नं. ३६३०१४/६२२ जारी मिति र जिल्ला : २०६३/१०/२३, नवलपरासी)

३) टंक प्रसाद सापकोटाको बुहारी हरि प्रसाद सापकोटाको पत्नी नवलपरासी जिल्ला रजहर वडा नं. १ हाल, नवलपरासी (ब.सु.पू.) जिल्ला देवचुली वडा नं. १६ बस्ने **नन्दु माया सापकोटा** (ना.प्र.नं. ई-४४७५५ जारी मिति र जिल्ला : २०६२/०३/०६, नवलपरासी)

**ख) कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **निर्मल कोल्ड स्टोर्स** प्रोप्राइटरको नाम : निर्मल न्यौपाने प्रा.फ.द.नं. : ८१२/०७७/०७८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पुर्व), नवलपुर
दर्ता मिति : २०७७/०६/१६
रजिष्टर्ड ठेगाना : नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १३ स्थायी लेखा नं. : ६१३८७०७७७

**व्यक्तिगत धनजमानीहरुको विवरण**

१) हरि प्रसाद सापकोटाको छोरी हरिलाल न्यौपानेको बुहारी निर्मल न्यौपानेको पत्नी नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १२ हाल, नवलपरासी (ब.सु.पू.) जिल्ला देवचुली न.पा. वडा नं. १२ बस्ने **दिपा सापकोटा न्यौपाने** (ना.प्र.नं. ३६-०२-७५-००४३५ जारी मिति र जिल्ला : २०७५/०१/१६, नवलपरासी)

२) छबिलाल न्यौपानेको नाति हरिलाल न्यौपानेको छोरा नवलपरासी जिल्ला प्रगतीनगर गा.वि.स. वडा नं. ७ हाल, नवलपरासी (ब.सु.पू.) जिल्ला देवचुली न.पा. वडा नं. १२ बस्ने **निर्मल न्यौपाने** (ना.प्र.नं. ३६३०१४/६२२ जारी मिति र जिल्ला : २०६३/१०/२३, नवलपरासी)

**ग) कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

छबिलाल न्यौपानेको नाति हरिलाल न्यौपानेको छोरा नवलपरासी जिल्ला प्रगतीनगर गा.वि.स. वडा नं. ७ हाल, देवचुली वडा नं. १२ बस्ने **निर्मल न्यौपाने** (ना.प्र.नं. ३६३०१४/६२२ जारी मिति र जिल्ला : २०६३/१०/२३, नवलपरासी)

**व्यक्तिगत धनजमानीहरुको विवरण**

१) हरि प्रसाद सापकोटाको छोरी हरिलाल न्यौपानेको बुहारी निर्मल न्यौपानेको पत्नी नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १२ हाल, नवलपरासी (ब.सु.पू.) जिल्ला देवचुली न.पा. वडा नं. १२ बस्ने **दिपा सापकोटा न्यौपाने** (ना.प्र.नं. ३६-०२-७५-००४३५ जारी मिति र जिल्ला : २०७५/०१/१६, नवलपरासी)

२) रतन घर्ति मगरको नाति उमेश घर्ति मगरको छोरा नवलपरासी जिल्ला पिठौली वडा नं. ७ हाल, नवलपरासी (ब.सु.पू.) जिल्ला देवचुली न.पा. वडा नं. १३ बस्ने **प्रवेश घर्ति मगर** (ना.प्र.नं. ३६२०१५/१६५० जारी मिति र जिल्ला : २०६९/०८/१०, नवलपरासी)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०८१ साल मंसिर महिना १० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८१ साल चैत महिना १३ गतेको राष्ट्रिय दैनिक प्रत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने
३) मिति २०८३ साल बैशाख महिना २२ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक प्रत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने
४) मिति २०८३ साल जेठ महिना २९ गतेको आर्थिक राष्ट्रिय दैनिक प्रत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| निर्मल न्यौपाने | नवलपरासी जिल्ला प्रगतीनगर वडा नं. ४ | ४ख | ८७६ | ५७५.५९ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल असार महिना २५ गते विहीबार भित्र यस बैकको शाखा कार्यालय दलदले आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना २६ गते शुक्रबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय दलदलेमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# त्रिवि सेवा आयोगका नवनियुक्त अध्यक्ष थापाले लिए शपथ

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालय (त्रिवि) सेवा आयोगको नवनियुक्त अध्यक्ष किशोर थापालाई पद तथा गोपनीयताको शपथ लिएका छन् । सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा त्रिविका सहकुलपतिसमेत रहेका मन्त्री सस्मित पोखरेलले बिहीबार उनलाई शपथ गराएका हुन् ।

प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति वालेन्द्र शाहले नेपाल सरकारका पूर्वसचिव तथा वरिष्ठ सहरी योजनाविद् थापालाई सेवा आयोगको अध्यक्षमा नियुक्त गरेका हुन् । शिक्षामन्त्री पोखरेलको उपस्थितिमा सेवा आयोगको नवनियुक्त सदस्य प्रा.डा. रेजिना मास्केलाई त्रिवि सेवा आयोगका अध्यक्ष थापाले पद तथा गोपनीयताको शपथ गराए ।



शपथपछि संक्षिप्त प्रतिक्रिया दिँदै अध्यक्ष थापाले त्रिवि सेवा आयोगको जिम्मेवारी निर्भीकता, निष्पक्षता र इमानदारिताका साथ निर्वाह गर्दै त्रिविमा कार्यरत प्राध्यापक तथा कर्मचारीको वृत्ति विकास, पेसागत दक्षता अभिवृद्धि र विश्वविद्यालयको संस्थागत सुधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अध्यक्ष थापाले २१औं शताब्दीको नयाँ चुनौतीको सामना गर्न विश्वविद्यालयको श्रीवृद्धिमा अहोरात्र खटिने विश्वास व्यक्त गरे । नयाँ नियुक्तिले आयोगलाई प्रभावकारी, पारदर्शी र योग्य जनशक्तिमैत्री बनाउने विश्वास गरिएको छ ।

सहकुलपति रहेका मन्त्री पोखरेलको नेतृत्वमा गठित सिफारिस समितिले सेवा आयोग अध्यक्ष पदका लागि प्राप्त आवेदनको अध्ययन, मूल्यांकन तथा अन्तर्वार्तापछि तीन जनाको नाम कुलपतिसमक्ष सिफारिस गरेको थियो । सिफारिस समितिले गत जेठ महिनामा सेवा आयोग अध्यक्ष पदका लागि इच्छुक योग्य व्यक्तिहरूबाट आवेदन आह्वान गरेको थियो । निर्धारित प्रक्रियाअनुसार प्राप्त आवेदनको योग्यता, अनुभव, नेतृत्व क्षमता तथा कार्यसम्पादनको मूल्यांकन गरी योग्य उम्मेदवारको नाम सिफारिस गरिएको थियो ।

आर्किटेक्ट तथा सहरी योजनाविद्का रूपमा परिचित अध्यक्ष थापाले नेपाल सरकारको निजामती सेवामा चार दशकभन्दा बढी समय विभिन्न जिम्मेवारीमा रही योगदान दिएका छन् । उनी सहरी विकास मन्त्रालय, शिक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, जल तथा ऊर्जा आयोग सचिवालयलगायतका निकायमा सचिव थिए ।

अध्यक्ष थापाले यसअघि राष्ट्रिय आवास योजना, राष्ट्रिय सहरी विकास रणनीति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, नेपाल पर्यटन वर्ष २०११ लगायतका महत्त्वपूर्ण सरकारी नीति तथा कार्यक्रमको निर्माण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका छन् । भूकम्पपछिको पुनर्निर्माण अभियानमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिका विज्ञ सदस्यका रूपमासमेत योगदान दिएका थापा हाल नेपाल इन्स्टिच्युट अफ अर्बन एण्ड रिजनल स्टडिजमा सहरी योजना विज्ञ तथा काठमाडौं विश्वविद्यालयमा भिजिटिङ फ्याकल्टीका रूपमा आबद्ध छन् ।

# सरुवा वा अवकाशपछि पनि चार हजारभन्दा बढीसँग विमानस्थल प्रवेश पास

**काठमाडौं–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रतिबन्धित क्षेत्रमा प्रवेशका लागि जारी गरिएका चार हजारभन्दा बढी प्रवेश पास कर्मचारी सरुवा, अवकाश, राजीनामा वा सेवा छाडिसकेपछि पनि प्रणालीमा सक्रिय रहेको पाइएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशनमा गरिएको अध्ययन प्रतिवेदनले हाल कार्यरत नरहेका कर्मचारीको चार हजार ७२ वटा पास सक्रिय 'एक्टिभ' देखिएको पाइएको प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिइन् ।

उनका अनुसार प्रधानमन्त्री कार्यालयको निर्देशन र समन्वयमा नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रतिबन्धित क्षेत्रमा प्रवेशका लागि जारी गरिएका उक्त सक्रिय रहेका पुराना प्रवेश पास निष्क्रिय गर्ने प्रक्रिया तीव्र बनाइएको छ ।

प्राधिकरणका महानिर्देशक मुकेश डंगोलका अनुसार हाल कार्यरत नरहेका तर प्रणालीमा सक्रिय देखिएका प्रवेश पासमध्ये हालसम्म नियमित प्रक्रियाअनुसार फोटो तथा फोटोरहित गरी जम्मा चार हजार ८१० पास निष्क्रिय परिएको अर्थात् नष्ट गरिएको छ । साथै हाल कार्यरत नरहेका तर प्रणालीमा सक्रिय देखिएका चार हजार ७२ प्रवेश पासमध्ये प्रधानमन्त्री कार्यालयको निर्देशनपछि ५०७ वटा संकलन गरी प्वाल पारेर नष्ट गर्ने तथा प्रणालीबाट निष्क्रिय गर्ने प्रक्रिया सुरु गरिएको छ ।

सरुवा भएर गएका कर्मचारीका पास फिर्ता गराउन सम्बन्धित निकायलाई परिपत्र जारी गरिएको, केही पास कर्मचारीले स्वेच्छाले फिर्ता गरेका र केहीलाई फोनमार्फत सम्पर्क गरी फिर्ता मागिएको महानिर्देशक डंगोलले जानकारी दिए । प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दाहालका अनुसार सरकारले विमानस्थलको सुरक्षा र संवेदनशीलतालाई उच्च प्राथमिकतामा राखेर आवश्यक सुधारका काम तत्काल कार्यान्वयन गरिरहेको छ ।

प्रधानमन्त्री कार्यालयले प्रभावकारी बनाउन सचिव गोविन्दबहादुर कार्कीलाई समन्वयको जिम्मेवारी दिएको छ । सोही समन्वयमा विमानस्थल सुरक्षासम्बन्धी अध्ययन, अनुगमन तथा सुधारका कामसमेत अघि बढाइएको छ । प्राधिकरणका अनुसार सन् २०२४ जनवरी १ देखि हालसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका लागि फोटोसहितका स्थायी प्रवेश पास १२ हजार ४०२ र फोटोरहित अस्थायी पास एक हजार ४१३ गरी कूल १३ हजार ८१५ थान जारी गरिएको छ । तीमध्ये फोटोसहितका सात हजार ६७७ पास सक्रिय र चार हजार ७२५ पास निष्क्रिय छन् भने फोटोरहित पासमध्ये एक हजार ३२८ सक्रिय तथा ८५ निष्क्रिय छन् ।

प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल निषेधित क्षेत्र प्रवेश अनुमति पत्र व्यवस्थापन कार्यविधि, २०८० (तेस्रो संशोधन) अनुसार प्रवेश पास निष्क्रिय गर्ने प्रक्रिया नियमितरूपमा सञ्चालन हुँदै आएको जनाएको छ । कार्यविधिको नियम २० अनुसार कर्मचारी सरुवा, अवकाश, राजीनामा वा अन्य कुनै कारणले जिम्मेवारीमा नरहेमा तीन दिनभित्र प्रवेश पास फिर्ता गर्नुपर्ने व्यवस्था छ ।

प्राधिकरणका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका २०१ संस्था आबद्ध छन् । प्रत्येक संस्थाले आफ्नै नियमअनुसार कर्मचारी नियुक्त गर्ने भएकाले स्थायी, अस्थायी तथा 'आउटसोर्सिङ' कर्मचारीको वर्गीकृत विवरण तत्काल उपलब्ध नभएको जनाएको छ ।

महानिर्देशक डंगोलका अनुसार प्रवेश पास सामान्यतया दुई वर्षका लागि जारी हुने गरेको छ । प्रतिवेदनले यस्ता पास तत्काल निष्क्रिय नगरे विमानस्थल परिसर वा अन्यत्र दुरूपयोग हुन सक्ने जोखिम रहेको उल्लेख गर्दै अभिलेख व्यवस्थापनमा एकरूपता कायम गर्न पनि सुझावअनुसार प्रधानमन्त्री कार्यालयको निर्देशनमा निष्क्रिय बनाउने कामले तीव्र निरन्तरता दिइएको उनको भनाइ छ ।

विमानस्थलजस्तो संवेदनशील क्षेत्रको सुरक्षा एवं अन्य संवेदनशीलतालाई ध्यानमा राखेर यस क्षेत्रको सुधार तथा सुरक्षा चुस्तताका लागि प्रधानमन्त्री कार्यालयले ध्यान दिएको छ । सोहीबमोजिम नै विमानस्थल प्रवेश पासका विषयमा अध्ययन गरेर तिनको दुरूपयोग पनि हुनसक्ने आशंकामा प्रधानमन्त्री कार्यालयले यो पहल थालेको हो । *रासस*

**Federation of Nepal Foreign Employment Orientation Agency (FEONA)**
**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ**
Central Office: Tinkune-32, Kathmandu, Nepal

## साधारण सभा संबन्धी सूचना

(सूचना प्रकाशित मिति २०८३/०३/१९ गते)

यस महासंघको मिती २०८३ साल असार २१ गते चावहिलस्थित युनिभर्सल रिसेप्सनमा महाधिवेसन गर्ने भनिएकोमा विधान अनुसार केहि काम पूरा गर्न नभ्याईएकोले कार्यसमितीको निर्णय अनुसार मिती २०८३ साल श्रावण २३ गते शनिवार सोहि स्थानमा महाधिवेसन गर्ने गरी हाललाई सारीएको जानकारी गराउदछौ ।

**लक्ष्मी प्रसाद लामीछाने**
(महासचिब )

## आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति २०८३/०३/१९ गते)**

मनाङ जिल्ला नाशो गाउपालिका ताचै गाउँ स्थित निर्माणधीन **चिनो खोला जलविधुत आयोजना** का लागि निम्न संख्यामा प्राविधिक तथा दक्ष कामदारहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उल्लेखित ठेगानामा आवदेन दिनुहुन अनुरोध छ ।

| सि.नं. | पद | संख्या | योग्यता र अनुभव |
|---|---|---|---|
| १. | Manager of Administrative Department | 2 | Bachelor or Equivalent, at least 5 years of work experience in related field |
| २. | Assistant of the Site for Equipment and Material Manager | 2 | Diploma in Engineering or equivalent, at least 3 years of work experience in related field |

Note: Knowledge of Chinese Language is highly preferable

**काम गर्नुपर्ने क्षेत्र तथा स्थान** : काठमाडौं तथा आयोजना स्थल
**कार्यरत रहने अवधि** : १ वर्ष **तलव स्केल** : आपसी सहमतिमा
**संलग्न कागजातहरू** : सम्बन्धित कागजातहरू

**सम्पर्क ठेगाना :**

**Chino Khola Jalvidyut Aayojana 7.9 MW**
**Q.Y.E.C. Construction Pvt. Ltd.**
Pulchowk-3, Lalitpur, Nepal,
Email Address: info@qyecint.com

**यलुङ बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
का.म.न.पा. ०६ बौद्ध, रामहिटि फोन नं.:- ०१-४८१२८९१

## ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/१९**

यस यलुङ वचत तथा ऋण सहकारी सस्था लि.बाट तपसिलमा उल्लेखित व्याक्तिहरूले विभिन्न समयमा लिनुभएको कर्जाको साँवा, व्याज, तथा हर्जना लगायतका रकम शर्त बमोजिम समय समयमा संस्थामादाखिला गर्नुपर्नेमा हाल सम्मपनि नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लघंनगर्नु भएको र सो सम्वन्धमा पटक पटक मौखिक, लिखत, घर मैपुगी तथा टेलिफोनबाट जानकारी गराउदा समेत सो कर्जाको सम्पूर्ण रकम हाल सम्मम पनि चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नुभएकोले यो सूचना यस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखि संस्थालाई तिर्नुबुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तानी गर्नुहोला । तपसिलमा उल्लेखित तपाई ऋणीहरूले उक्त समय सिमा भित्रमा तपाईहरुको नाममा यस सस्थामा वाँकी रहेको कर्जा असुल नभएमा वा नगर्नु भएमा सहकारी ऐन २०७४, नियमावलि २०७५, सस्थाको ऋण निती मा उल्लेख भए अनुसार तपाई ऋणी, उक्त कर्जा जारिहुदाका वखत उक्त कर्जाको धनजमानी साथै तपाई ऋणीको एकाघरको परिवारको नाममा रहेको चलअचल श्री सम्पत्तिबाट कानुनले दिएको अधिकारको प्रयोग गरि तपाईको नाममा रहेको बाँकी ऋण असुलउपर गर्नकोलागि कानुनी प्रकृया अगाडि वढाईने छ ।

| क्र. स. | ऋणीको विवरण | ऋणीको स्थाई ठेगाना | उक्त कर्जाको धन जमानिको विवरण | धितोमा रहेको जग्गा वा घरको विवरण | कर्जा जारि भएको मिति |
|---|---|---|---|---|---|
| १. | अकलु शाह | का.म.न.पा.०६, वौद्ध, रामहिटि | उज्वल चालिसे का.म.न.पा. ०६ वौद्ध; वीरवहादुर कुमार का.म.न.पा. ०६ वौद्ध | | २०७९ असोज १० |
| २. | केशी माया शेर्पा | झापा, खुदुनावारी ०३ | मिङ्मार शेर्पा का.म.न.पा. ०६ वौद्ध | | २०८० असार ३१ |
| ३. | श्याम कृष्ण श्रेष्ठ | दधिकोट, ०३ भक्तपुर | अजय श्रेष्ठ दधिकोट, ०३ भक्तपुर; नानी छोरी श्रेष्ठ दधिकोट, ०३ भक्तपुर | | २०७९ असार १९ |
| ४. | नन्दा भण्डारी | दैलेख, मालिका ०९ | जगत वा. भण्डारी दैलेख, मालिका ०९; विजय भण्डारी दैलेख, दुल्लु न.पा. १३ | | २०७९ बैशाख १५ |
| ५. | पासाङतेन्जि शेर्पा | जिरी, न.पा.०२, दोलखा | डोमा शेर्पा जिरी, न.पा., ०२ दोलखा | जीरी न.पा.वडा न.०६, नक्सा सीट नं.१५८१३८१, कित्ता नं.२८९२ को २५६० व.मि. रोक्का रू.२५,००,०००/- | २०८१ असार १७ |
| ६. | डोमा शेर्पा | दोलखा श्यामा ०५ | पासाङ तेन्जि शेर्पा जिरी न.पा. ०२ | | २०८२ असार ३१ |
| ७. | सुनपाती तामाङ | खोटाङ, वाकाचोर ०७ | निराज तामाङ दोलखा, भीमेश्वर न.पा. १०; विष्णुमाया तामाङ दोलखा, भीमेश्वर, न.पा. | | २०८१ चैत ०५ |
| ८. | नानी छोरी श्रेष्ठ | दधिकोट-०३, भक्तपुर | अजय श्रेष्ठ दधिकोट, ०३ भक्तपुर; श्याम कृष्ण श्रेष्ठ, दधिकोट, ०३ भक्तपुर | भक्तपुर जिल्ला, दधिकोट वडा नं.०३, नक्सा ३क, कित्ता नं.८५९ को, ५०८.७४ व.मि. रोक्का रकम रू. १०,००,०००/- | २०७९ असार १९ |
| ९. | कल्पना श्रेष्ठ | मोरङ, राजघाट ०१, | पासाङ शेर्पा, दोलखा श्यामा ०६; कर्मा शेर्पा, जिरी न.पा.-०६, दोलखा | | २०७७ असार २१ |


**शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर**
**ZERO COST EMPLOYMENT TO MALAYSIA**

कम्पनी : Scientex Packaging Film Sdn Bhd
पूर्व स्वीकृति मिति : २०८२/१२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१८ | LT. No. 340086 | चलानी नं. ६०२५३५०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 2 | 0 | 1700 | ६३,६१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताआफैं | नदिने | रोजगारदाता आफैले | नहुने/रोजगारदाता आफैले | रोजगारदाता आफैले | रोजगारदाता आफैले | रु २५९६/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले आफैले | निःशुल्क | रु.७००/- रोजगारदाताले आफैले | रोजगारदाता आफैले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698Manohari Adhikari. 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80

**साउदीमा रोजगार** कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD
पूर्व स्वीकृति मिति : २०८२/०४/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/१८ | LT. No. 329145 | चलानी नं. ६०२४२८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 190 | 0 | 1200 | ४८,७५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Warehouse Workers | 50 | 0 | 1200 | ४८,७५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

**साउदीमा रोजगार** कम्पनी : TURKI MURSHID BIN ATIQ AL-HARBI CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 344159 | चलानी नं. ६०२५७५२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 22 | 0 | 1000 | ४०,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**युएइमा रोजगार** कम्पनी : NATIONAL CATERING COMPANY LIMITED-WLL
पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 344266 | चलानी नं. ६०२५७४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 75 | 0 | 1000 | ४१,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter (General) | 25 | 0 | 1200 | ४९,८४२ | | | | | | | |

कम्पनी : IMAN ZARA ELECTROMECHANICAL CONTRACTING L L C S O C
पूर्व स्वीकृति मिति : २०८३/०३/०३ | LT. No. 344183 | चलानी नं. ६०२५७५००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | 1600 | ६६,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason (Nepal) | 5 | 0 | 1600 | ६६,४५६ | | | | | | | |
| 3. | Steal Fixer | 8 | 0 | 1600 | ६६,४५६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

**ओमन/कुवेतमा रोजगार** कम्पनी : SPEED BUILDING SPC
पूर्व स्वीकृति मिति : २०८३/०२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१८ | LT. No. 342675 | चलानी नं. ६०२५५९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason For Plaster/Block | 20 | 0 | 120 | ४७,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fitter | 20 | 0 | 120 | ४७,६६० | | | | | | | |
| 3. | Suttering Carpenter | 20 | 0 | 120 | ४७,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: - धनुषा, जनकपुर, PR ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार २६ गते (10 July 2026) मा हुनेछ ।
- सिराहा, मिर्चैया, मिर्चैया टेक्निकल र ट्रेनिङ सेन्टर/PR ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार २७ गते (11 July 2026) मा हुनेछ ।
- बाँके, नेपालगञ्ज, Gajraj ट्रेनिङ सेन्टरमा मिति: २०८३ असार २८ गते (12 July 2026) मा हुनेछ ।
- काठमाडौं, ग्लोबल ट्रेनिङ इन्स्टिच्यूटमा मिति: २०८३ असार २९ गते (13 July 2026) मा हुनेछ ।

कम्पनी : KUWAIT SWEDISH CLEANING SERVICES CO
पूर्व स्वीकृति मिति : २०२१/०७/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१८ | LT. No. 333399 | चलानी नं.६०२४७०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 25 | 0 | 85 | ४१,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Kuwait Swedish Cleaning Services Co
पूर्व स्वीकृति मिति : २०८२/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१८ | LT. No. 334588 | चलानी नं. ६०२४८३२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Indoor (Female) | 0 | 30 | 85 | ४१,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np

**कुवेतमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!
कम्पनी : AL-SHAIKH MOHAMMED SAUD AL-QASIMI & PARTNERS
पूर्व स्वीकृति मिति : २०८२/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१८ | LT. No. 335686 | चलानी नं. ६०२४९४२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 3 | 2 | 140 | ६९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**मलेसियामा रोजगार** कम्पनी : UNION PROFIT COSMETIC MANUFACTURING SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 344220 | चलानी नं. ६०२५७५०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६३,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUHASHA LINK PVT. LTD.
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

**मलेसियामा रोजगार** कम्पनी : SAM POH RESTAURANT
पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 343057 | चलानी नं. ६०२५७५४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1700 | ६३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## वर्षाले धराप बन्दै काठमाडौंका सडक

बिहीबार दिउँसो केही घण्टा वर्षा हुँदा काठमाडौं उपत्यकाका केही सडक ताल बन्न पुग्यो । जसका कारण काठमाडौंको सडक एकैछिनमा ट्राफिक जामले अस्तव्यस्त बन्न पुग्यो । केही समययता खुला हुन थालेको सडकजाम बिहीबार साँझ एकाएक जामले अस्तव्यस्त बनेको थियो ।

हरेक वर्ष मनसुन सुरु भएपछि यहाँका सडकहरू नदी र ताल झैं देखिन्छन् । घाम लाग्दा धुलो र पानी पर्दा काठमाडौंका सडक त्यसै फोहोर देखिन्छ नै । तर मुसलधारे पानी पर्दा ती पानी बगेर जाने ठाउँ कतै छैन । खोलाखोल्छी साघुरो बनाइएको छन् । सहर कंक्रिट बनेका छन् । सिमेन्टकै घर, सिमेन्टकै बाटो, सिमेन्टकै आँगन भएसँगै पानी जमिनभित्र पस्ने ठाउँ नै छैन । यस्तो गर्दा एक त जमिनमा पानी रिचार्ज हुन पाउँदैन । जसले माटोसमेत मक्किँदै जान्छ । अनि पानीको स्रोत पनि सुक्दै जान्छ ।

उपत्यकाका खुला चौर, पोखरी र खेतहरू कंक्रिट बन्द जमिनले पानी सोस्ने क्षमता गुमाइसकेको छ । अर्कोतर्फ, टुकुचा, धोबीखोला र बागमती जस्ता प्राकृतिक जलमार्गहरूलाई अतिक्रमण गरेर साँघुरो बनाइएको छ । खोलाहरू नै थुनिएपछि सडकको पानी कहाँ जाने ? नदीमा निकास नपाएको ढलको पानी उल्टै ब्याकफ्लो भएर सडक र बस्तीमा आउने हो ।

यसरी अव्यवस्थित तवरले विकास भएको सहरीकरणका कारण कहिलेकही सडकमै उद्दार गर्न डुंगा ल्याउनुपर्ने अवस्था आइपर्छ । यो दैवीभन्दा पनि मानव–निर्मित समस्या हो । काठमाडौंमा पानी पर्नु आफैंमा समस्या होइन, तर त्यो पानीलाई सुरक्षित रूपमा निकास दिने प्रणाली नहुनु मुख्य समस्या हो ।

हरेक वर्ष सडक जलमग्न हुँदा राज्यका निकायहरू एकअर्कालाई दोषारोपण गरेर पन्छिने गर्छन् । हामीमा पनि रज्यलाई दोष दिएर पन्छिने प्रवृत्ति मौलाएकै छ । महानगरपालिका सडक विभागलाई देखाउँछ, सडक विभाग खानेपानी वा ढल आयोजनालाई औंल्याउँछ। समन्वयको अभावले नागरिकले भने सास्ती भोग्नुपरेको छ ।

अब सरकारले उपत्यकाका सम्पूर्ण ढल प्रणालीको डिजिटल म्यापिङ गरी यसको क्षमता विस्तार गरिनुपर्छ । नदी र खोलाका किनारहरूलाई अतिक्रमणमुक्त बनाउन कडा कानुनी कदम चाल्नैपर्छ । अनि वर्षाको पानी जमिनमा रिचार्ज हुने गरी विशेष व्यवस्था लागू गर्नुपर्छ । विकसित देशमा घर बनेको क्षेत्रफलभन्दा तीन गुणा जमिन खुला छाड्नुपर्छ, जसलाई सिमेन्टेड वा प्लास्टर गर्नसमेत पाउँदैनन् ।

यसैले सरकार र स्थानीय निकायले आफ्नो लाचारीपन त्यागेर ढल र पूर्वाधार व्यवस्थापनलाई युद्धस्तरमा सुधार नगर्ने हो भने, काठमाडौं यसरी सास्ती खेप्ने ठाउँमात्र हैन धराप नै बन्न सक्छ ।

### क्षमायाचना तथा भूलसुधार

मिति २०८३ असार १७ गते बुधबार प्रकाशित प्रभाव दैनिक (वर्ष १३, अंक ६९) को पृष्ठ २ देखि ८ सम्म इस्वी सम्वत्तर्फको प्रकाशन मिति १ जुलाई २०२६ हुनुपर्नेमा प्राविधिक त्रुटिबस अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ । यसबाट आम पाठक वर्ग तथा सरोकारवालामा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं । *सं.*

**श्रम सरोकार**

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

# ‘सन्तुलित कूटनीतिको आवश्यकता झनै बढेको छ’



आमनिर्वाचनबाट झण्डै दुईतिहाइ बहुमत प्राप्त वर्तमान सरकारले सन्तुलित द्विपक्षीय सम्बन्ध सञ्चालन गर्ने र आर्थिक कूटनीति एवं बहुपक्षीय सहकार्यलाई प्राथमिकतामा राखेको छ । यसकै आधारमा छिमेकी तथा मित्रराष्ट्रहरूसँगको वर्षौंदेखिको नेपालको सम्बन्धलाई सन्तुलित तथा आपसी हितका आधारमा अझ उचाइमा पुऱ्याउने, सहयोगका क्षेत्रहरूलाई विस्तार गर्ने र विश्वासको वातावरणलाई मजबुत बनाउने दिशामा काम भइरहेको छ । सरकार गठनको १०० दिनको अवधिमा भएका वैदेशिक भ्रमण र कूटनीतिक भेटवार्ताहरूले आगामी दिनमा नेपालको विदेश सम्बन्धलाई अझ फराकिलो बनाउनुको साथै मुलुकको आर्थिक समृद्धिमा बाह्य सहयोग र सद्भाव अभिवृद्धिमा बल पुग्ने नै छ । यसबीचमा *परराष्ट्रमन्त्री* **शिशिर खनाल**ले दुई छिमेकी मुलुकहरु भारत र चीनको औपचारिक भ्रमण गरेका छन् भने विभिन्न देशका प्रतिनिधिहरूको नेपाल भ्रमण पनि भएको छ । साथै, नेपालस्थित विदेशी नियोगका प्रतिनिधिहरूसँग पनि सघन भेटवार्ता हुने क्रम जारी रहको छ । प्रस्तुत छ, यसै सन्दर्भमा परराष्ट्रमन्त्री खनालसँग *राससका* आलेख प्रमुख **कृष्ण अधिकारी**ले गरेको कुराकानीः

**शिशिर खनाल**, मन्त्री, परराष्ट्र

**वर्तमान सरकारको परराष्ट्र नीति विगतका सरकारहरूले अवलम्बन गरेको नीतिसँग कत्तिको मेल खान्छ ?**

नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिबद्धता, चुनावी वाचापत्र र सरकार गठनलगत्तै जारी १०० बुँदे प्रतिवद्धतापत्रमा प्रस्टसँग उल्लेख गरिएका सुविचारित प्राथमिकताकै आधारमा वर्तमान सरकारले परराष्ट्र नीति अवलम्बन गरेको छ । सय दिने कार्यसूची मुख्यत: शासकीय सुधारमा केन्द्रित भए पनि परराष्ट्र नीतिसँग सम्बन्धित केही प्राथमिकताहरू समेटिएका छन् । हाम्रा प्राथमिकताहरू राष्ट्रिय हित संरक्षण र प्रवर्द्धनमा नै केन्द्रित छन् । विदेशस्थित नेपाली दूतावास र नियोगहरूको सेवा प्रभावकारिता बढाउने, वैदेशिक रोजगारीमा रहेका नेपालीको सुरक्षा र कन्सुलर सेवा सुधार गर्ने, प्रवासी नेपालीको लगानी भित्र्याउन विशेष संयन्त्र बनाउने, आर्थिक कूटनीतिलाई सक्रिय बनाएर विदेशी लगानी आकर्षित गर्ने, विकास साझेदार तथा छिमेकी राष्ट्रहरूसँग उच्चस्तरीय संवादलाई संस्थागत बनाउने, प्रवासी नेपालीको सीप, ज्ञान, सञ्जाल र लगानी क्षमताको नक्सांकन, उपयोग र व्यवस्थापन गर्ने एवं सौम्य शक्तिको प्रभावकारी परिचालनमार्फत देशको प्रतिष्ठा र छवि प्रवर्द्धन गर्नेलगायतका विषयहरूलाई समेटिएको छ ।

वर्तमान सरकार छिमेकीसहित सबै मित्रराष्ट्रहरू र विकास साझेदारहरूसँग राष्ट्रिय हितलाई केन्द्रमा राख्दै सुमधुर सम्बन्ध कायम राख्न चाहन्छ । दुई छिमेकी मित्रराष्ट्र भारत र चीनसहित सबैसँग सन्तुलित सम्बन्ध कायम राख्ने, आर्थिक कूटनीतिमा जोड दिने र सबैसँग सहज सम्बन्ध कायम राख्दै राष्ट्र हित केन्द्रित नयाँ शैलीको कूटनीतिक संवाद अघि बढाउने भन्नेमा नै हाम्रो प्रयास रहने छ ।

**वर्तमान सरकार गठनपछि भएका मुख्य कूटनीतिक उपलब्धिहरू के लाई लिन सकिन्छ ?**

नेपालको संविधानले निर्देशित गरेका सिद्धान्तअनुरूप परराष्ट्र नीति सञ्चालन गर्दै सरकारका प्राथमिकताबमोजिम कूटनीतिक कदमहरू चालिएको छ । नयाँ सरकारको वैदेशिक नीतिको विषयमा छिमेकी तथा अन्तर्राष्ट्रिय जगतमा स्पष्ट सन्देश पुगेको छ । राष्ट्रिय हितको संरक्षणमा ‘फस्ट लाइन अफ डिफेन्स’को रूपमा परराष्ट्र मन्त्रालयले काम गरिरहेको छ । उच्चस्तरीय भेटघाट र सहकार्यलाई बढवा दिने, द्विपक्षीय संयन्त्रका बैठकहरू सुचारु र सक्रिय बनाउने, आर्थिक र सार्वजनिक कूटनीतिलाई प्रभावकारी बनाउने र सेवा प्रवाहलाई सरल र सहज बनाउन कन्सुलर सेवा सहजीकरणका लागि ‘मोफा मित्र’ नामक अनलाइन एपको सञ्चालन गर्ने, विदेशमा रहेका नेपाली नागरिकको सुरक्षा, हक र हितलगायत वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित र मर्यादित बनाउने एवं समस्यामा परेका नेपालीका लागि सहायता, उद्धार र मृत्यु भएको अवस्थामा शव झिकाउने विषयलाई हामीले प्राथमिकतामा राखी काम गरिरहेका छौं । यसका लागि परराष्ट्र मन्त्रालय र हाम्रो कूटनीतिलाई थप सशक्त र प्रभावकारी बनाउने काम पनि प्राथमिकतामा रहेको छ ।

सरकार गठन भएको छोटो समयमा सरकारको औपचारिक प्रतिनिधित्व गर्दै सम्पन्न भारत र चीनको भ्रमणबाट मैत्रीपूर्ण र बहुआयामिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुगेको मैले विश्वास लिएको छु । छिमेकी मुलुकको भ्रमणको क्रममा पूर्वाधार, ‘कनेक्टिभिटी’, सीमा व्यवस्थापन, ऊर्जा, व्यापार, लगानी, कृषि, प्रविधि हस्तान्तरण, सूचना प्रविधि तथा डिजिटलाइजेसन, पर्यटन, रासायनिक मल, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण र जनस्तरको सम्बन्धलगायत विविध क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा उपलब्धिमूलक छलफल भएको छ ।

विदेशस्थित नेपाली नियोगहरूको सुदृढीकरण गर्ने, आर्थिक कूटनीतिलाई केन्द्रमा राखेर ‘कन्ट्री स्पेसिफिक स्ट्राटेजी’ तयार गर्ने, अन्तरमन्त्रालय समन्वय वैठक गरी हाम्रा वार्ताकेन्द्रित रणनीति र प्राथमिकता तय गर्ने विषयमा महत्त्वपूर्ण कामहरू भएका छन् । अन्तर्राष्ट्रिय आरोग्य दिवसलगायत नेपालको सौम्य शक्ति (सफ्ट पावर) प्रवर्द्धन कार्यक्रम, नेपाल डायस्पोरा ग्लोबल नेटवर्क स्थापना तथा सञ्चालन, लुम्बिनी फेलोसिपलगायतका नयाँ कार्यक्रमहरू ल्याएका छौं । यस्तै गोर्खा मुद्दा, युक्रेनमा बन्दी अवस्थामा नेपालीको रिहालगायतका विषयमा सम्बन्धित देशका मन्त्रीज्यूसँग ‘भर्चुअल’ संवाद गरी समस्या समाधानका लागि समन्वय भएको छ । साथै, कूटनीतिक आचारसंहिताको परिपालनामा पनि विशेष जोड दिएका छौं । सम्माननीय प्रधानमन्त्रीज्यूको स्तरबाट भएका संयुक्त शिष्टाचार भेटघाटका विषयलाई कूटनीतिक अभ्यासमा नयाँ शैलीका रूपमा पनि हेरिएको छ ।

**आर्थिक कूटनीति, सौम्य शक्ति प्रवर्द्धनमा वर्तमान सरकारको प्राथमिकता कस्तो रहेको छ ?**

मैले यसअघि पनि भनिसकेँ कि वर्तमान सरकार गठन भएपश्चात् राष्ट्रिय हित र मुलुकको छवि प्रवर्द्धनमा केन्द्रित परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्धलाई प्राथमिकतामा राखेर काम भइरहेका छन् । सरकारले आर्थिक कूटनीतिलाई विशेषरूपमा प्रभावकारी बनाउने, नेपालको सौम्य शक्तिको उजागर गरी सार्वजनिक कूटनीतिको प्रभावकारी परिचालनबाट मुलुकको अन्तर्राष्ट्रिय छवि र प्रतिष्ठा अभिवृद्धि गर्ने तथा कन्सुलर सेवा सुदृढीकरणका लागि ‘डिजिटाइजेसन’ र ‘सफ्टवेयर अपग्रेड’का विषयलाई प्राथमिकतामा राखेको छ । सौम्य शक्तिका संस्कृति, सम्पदा, राजनीतिक मूल्यको प्रवर्द्धन र परराष्ट्र नीतिलगायत सबै अवयवमा सरकारले विशेष ध्यान दिएको छ ।

नेपालको संविधान, परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्धका स्थापित मान्यताप्रति प्रतिबद्ध रही सुशासन र आर्थिक समृद्धि हासिल गर्ने दिशामा सरकारले प्राथमिकताका साथ काम गरिरहेको छ । क्षेत्रीय र अन्तर्राष्ट्रिय सहकार्यलाई पनि बढवा दिएका छौं । परराष्ट्र सम्बन्ध सञ्चालनको विषय संवेदनशील भएकाले यस विषयमा सबैको उत्तिकै दायित्व, योगदान र भूमिका रहने गर्दछ । संविधानले संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशिलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यतालाई नेपालको परराष्ट्र नीतिको आधारभूत सिद्धान्तका रूपमा स्थापित गरेका सिद्धान्तहरूको आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति सञ्चालन गरिँदै आएको छ ।

> “
> - वर्तमान सरकार छिमेकीसहित सबै मित्रराष्ट्रहरु र विकास साझेदारहरूसँग राष्ट्रिय हितलाई केन्द्रमा राख्दै सुमधुर सम्बन्ध कायम राख्न चाहन्छ ।
> - नयाँ सरकारको वैदेशिक नीतिको विषयमा छिमेकी तथा अन्तर्राष्ट्रिय जगतमा स्पष्ट सन्देश पुगेको छ । राष्ट्रिय हितको संरक्षणमा 'फस्ट लाइन अफ डिफेन्स'को रूपमा परराष्ट्र मन्त्रालयले काम गरिरहेको छ ।
> - सरकारले आर्थिक कूटनीतिलाई विशेषरूपमा प्रभावकारी बनाउने, नेपालको सौम्य शक्तिको उजागर गरी सार्वजनिक कूटनीतिको प्रभावकारी परिचालनबाट मुलुकको अन्तर्राष्ट्रिय छवि र प्रतिष्ठा अभिवृद्धि गर्ने तथा कन्सुलर सेवा सुदृढीकरणका लागि 'डिजिटाइजेसन' र 'सफ्टवेयर अपग्रेड'का विषयलाई प्राथमिकतामा राखेको छ ।
> - सरकार गठन भएको छोटो समयमा सरकारको औपचारिक प्रतिनिधित्व गर्दै सम्पन्न भारत र चीनको भ्रमणबाट मैत्रीपूर्ण र बहुआयामिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुगेको मैले विश्वास लिएको छु ।
> - नेपालले भारतसँग आर्थिक विकासलाई केन्द्रमा राखेर द्विपक्षीय सम्बन्धलाई थप सुदृढ गर्न चाहन्छ । सीमासम्बन्धी विषयलाई नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरूप, ऐतिहासिक सन्धि–सम्झौता तथा नक्साका आधारमा कूटनीतिक वार्ताको माध्यमबाट समाधान गर्ने दिशामा हामी प्रतिबद्ध छौं ।
> - मुलुकको अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिको कुरा गर्दा छिमेक सम्बन्ध अत्यन्त महत्त्वपूर्ण हुन्छ । मित्रराष्ट्र चीनसँग हाम्रो घनिष्ठ सम्बन्ध रहिआएको छ ।
> - बदलिँदो विश्व परिवेशलाई परख गर्दै राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धनका लागि सुझबुझपूर्ण, प्रभावकारी र विकास केन्द्रित परराष्ट्र नीति नै अबको आवश्यकता हो ।

**केही दिनअघि यहाँले गर्नुभएको भारत भ्रमणबाट नयाँ शिराबाट भारतसँगको सम्बन्ध विस्तार भएको भन्ने चर्चा भएको थियो । विगतका भ्रमणहरूको तुलनामा यो भ्रमणको महत्त्व के आधारमा विशिष्ट मान्न सकिन्छ ?**

वर्तमान सरकार गठनपछि सरकारको तर्फबाट भारतीय विदेशमन्त्रीको निमन्त्रणामा म भारत भ्रमणमा गएको थिएँ । नयाँ सरकार बनेपछि भएको यो पहिलो उच्चस्तरीय विदेश भ्रमण भएकाले देशभित्र र बाहिर पनि निकै चासो रहेको थियो । नेपाल र भारतबीचको सम्बन्ध केवल दुई सरकारबीचको सम्बन्धमात्र नभई खुला सीमा, सांस्कृतिक निकटता र जनस्तरको सम्बन्धमा आधारित छ । भ्रमणका क्रममा व्यापार, ऊर्जा, लगानी, ‘कनेक्टिभिटी’ र सीमा व्यवस्थापनका विषयमा विषय केन्द्रित र नतिजा उन्मुख छलफल भएको छ ।

विगतका केही वर्षमा सीमा विवाद र राजनीतिक असमझदारीका कारण सम्बन्धमा आएको उतारचढावलाई संवादमार्फत व्यवस्थापन गर्ने कुरामा दुवै पक्षबाट प्रतिबद्धता दोहोऱ्याउने काम भएको छ । दुई देशबीचको पररम्परागत मैत्री सम्बन्धलाई ‘नयाँ ऊर्जा’ का साथ अगाडि बढाउने बारेमा दुवै पक्षबाट प्रतिबद्धता व्यक्त भएका छन् । हाल दुई देशबीचका द्विपक्षीय संयन्त्रहरू सक्रिय र सुचारु भएका छन् । आर्थिक सहकार्यलाई केन्द्रमा राखी काम भइरहेको छ । यसर्थ, यस भ्रमणलाई विशिष्ट मान्न सकिन्छ ।

**यहाँको भ्रमणपछि निकट भविष्यमै प्रधानमन्त्रीज्यूको भारत भ्रमणको अवसरमा सीमा, दुईपक्षीय व्यापारलगायतका विषयमा कुनै ठोस सहमतिको अवस्था निर्माण भएको हो ?**

नेपालले भारतसँग आर्थिक विकासलाई केन्द्रमा राखेर द्विपक्षीय सम्बन्धलाई थप सुदृढ गर्न चाहन्छ । सीमासम्बन्धी विषयलाई नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरूप, ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा कूटनीतिक वार्ताको माध्यमबाट समाधान गर्ने दिशामा हामी प्रतिबद्ध छौं ।

**भारत भ्रमणबाट फर्केको लगत्तै यहाँले अर्को छिमेकी राष्ट्र चीनको पनि भ्रमण सम्पन्न गर्नुभएको छ । यो संयोगमात्रै हो कि कूटनीतिक चातुर्यता पनि हो ?**

मुलुकको अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिको कुरा गर्दा छिमेक सम्बन्ध अत्यन्त महत्त्वपूर्ण हुन्छ । मित्रराष्ट्र चीनसँग हाम्रो घनिष्ठ सम्बन्ध रहिआएको छ । यस सन्दर्भमा, चीन भ्रमणलाई संयोग वा कूटनीतिक चातुर्यता भन्नुभन्दा पनि चीनसँगको हाम्रो सम्बन्धलाई थप सुदृढ बनाउने दिशामा यो भ्रमण सम्पन्न भएको मान्नु उपयुक्त पर्छ । यी भ्रमणहरूबाट द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने, आर्थिक सहकार्य विस्तार गर्ने तथा आपसी विश्वास, समझदारी र जनस्तरको सम्बन्ध थप मजबुत बनाउने विषयमा महत्त्वपूर्ण छलफल र समझदारीहरू भएका छन् ।

**चीन भ्रमणका क्रममा सहयोगका कुनै सहमतिहरू पनि भए कि ?**

चीनका विदेशमन्त्री वाङ यीसँगको वार्तामा द्विपक्षीय सम्बन्ध, लगानी, पूर्वाधार विकास सहकार्यका विषयमा छलफल भएका छन् । चीन भ्रमणमा पूर्वाधार विकास, लगानी, पर्यटन, कृषि, प्रविधि र व्यापार विस्तारका विषयमा छलफल भएको थियो । हामी चीनसँगको सम्बन्धलाई आर्थिक र विकास साझेदारीका रूपमा अघि बढाउन चाहन्छौं । चीनले पनि नेपालसँग पूर्वाधार निर्माण तथा आर्थिक सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ । चीनले नेपालसँग उच्च गुणस्तरको ‘बेल्ट एण्ड रोड सहकार्य’ अगाडि बढाउने, विद्युत् प्रसारणलाइन, राजमार्ग, सीमा नाका तथा हवाई सम्पर्कका क्षेत्रमा सहकार्य विस्तार गर्ने प्रतिबद्धता जनाएको छ । चीनले नेपाललाई ‘ल्याण्डलक्ड’ अवस्थाबाट ‘ल्याण्ड-लिंक्ड’ देशमा रूपान्तरण गर्न सहयोग गर्ने कुरा पुनः दोहोऱ्याएको छ ।

**आगामी दिनमा नेपालको परराष्ट्र नीति कस्तो हुनुपर्ने देख्नुहुन्छ ?**

विश्व राजनीति अहिले तीव्र प्रतिस्पर्धा र शक्ति सन्तुलनको नयाँ चरणमा प्रवेश गरिरहेको छ । नयाँ विश्व व्यवस्थाको विषयलाई लिएर निकै रोचक प्रक्षेपण पनि हुने गरेका छन् । साथै, नेपालले सन्तुलित कूटनीति अवलम्बन गर्नुपर्ने आवश्यकता झन् बढेको छ । एकातिर आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर वैदेशिक सम्बन्ध विस्तार गर्नुपर्ने आवश्यकता छ भने अर्कोतिर विश्वव्यापीकरण र सूचना प्रविधिको तीव्रतर विकासले ल्याएका चुनौतीहरूको पनि समाधान खोज्ने गरी दुईपक्षीय र बहुपक्षीय सम्बन्ध कायम राख्नुपर्ने अवस्था छ । राष्ट्र हितलाई केन्द्रमा राखी सरकारले काम गरिरहेको छ । यसर्थ, बदलिँदो विश्व परिवेशलाई परख गर्दै राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धनका लागि सुझबुझपूर्ण, प्रभावकारी र विकास केन्द्रित परराष्ट्र नीति नै अबको आवश्यकता हो ।

# गणित शिक्षकको क्षमता अभिवृद्धि गर्न तालिम

**कञ्चनपुर–** आधारभूत तहका बालबालिकामा गणितप्रति रुचि, तार्किक सोच र समस्या समाधान गर्नका लागि शुक्लाफाँटा नगरपालिकाले कक्षा १ देखि ३ सम्म गणित विषय शिक्षण गर्ने शिक्षकको क्षमता अभिवृद्धि गरेको छ।

नगरपालिकाका २८ वटै सामुदायिक विद्यालयका गणित शिक्षकहरूलाई तालिममा सहभागी गराई आधुनिक, व्यवहारमुखी र विद्यार्थीकेन्द्रित शिक्षण विधिबाट गणित सिकाउने सीप प्रदान गरिएको हो। नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले सञ्चालन गरेको तालिममा शिक्षण सामग्रीको प्रभावकारी प्रयोग, दैनिक जीवनसँग गणितलाई जोड्ने अभ्यास तथा बालमैत्री शिक्षण विधिबारे विज्ञ प्रशिक्षकद्वारा प्रशिक्षण दिएको छ।

शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख टिकेन्द्रराज भट्टले गणितलाई विद्यार्थीका लागि सहज, रोचक र व्यावहारिक विषयका रूपमा स्थापित गर्न दुई दिन (मंगलबार र बुधबार) तालिमको आयोजना गरिएको बताए। उनले तालिमका माध्यबाट प्रविधिमैत्री तथा सामग्रीमा आधारित शिक्षण विधिले विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार ल्याउने विश्वास व्यक्त गरे।

तालिमका रोस्टर प्रशिक्षक परमानन्द नाथले गणित केवल हिसाब-किताबको विषय नभई बालबालिकाको तार्किक क्षमता, विश्लेषणात्मक सोच तथा समस्या समाधान गर्ने सीप विकास गर्ने आधार भएको बताए। गणितको जग बलियो बनाउन परम्परागत कण्ठ गर्ने विधिभन्दा प्रविधिमैत्री र सामग्रीमा आधारित शिक्षण विधिहरू संसारभर लोकप्रिय रहेको उनले बताए।

उनका अनुसार चीन, जापान र दक्षिण कोरियालगायत मुलुकले दशमलव प्रणालीलाई प्रभावकारी रूपमा प्रयोग गर्दै आएका छन् भने भारत, अमेरिकालगायतका देशमा भिन्न प्रणालीलाई पनि समान महत्त्व दिएका छन्। नेपालमा भने दुवै प्रणाली समेटिएको पाठ्यक्रम कार्यान्वयनमा रहेको उनले जानकारी दिए। तालिममा गणना सिद्धान्त, दैनिक जीवनसँग गणित जोड्ने अभ्यास, विद्यार्थीमा गणितीय अवधारणा विकास, ढाँचा पहिचान, तुलना तथा क्रमवृद्धि, मानसिक गणना, समय व्यवस्थापन र व्यावहारिक सिकाइमा विशेष जोड दिइएको उनले बताए।

उनका अनुसार यसका साथै खेल, चित्र, स्थानीय स्रोत सामग्री र सहपाठी सिकाइका माध्यमबाट गणितलाई सरल र प्रभावकारी बनाउने अभ्यास गराइएको छ। प्रशिक्षक नाथले प्रारम्भिक तहका विद्यार्थीमा अंक सहीरूपमा चिन्न नसक्ने, अंकलाई अक्षरमा लेख्न कठिनाइ हुने, घडी हेरेर समय बताउन नसक्ने, शब्दमा आधारित गणितीय समस्या समाधान गर्न नसक्ने, जटिल जोड, घटाउ, गुणा र भागमा समस्या देखिने तथा ज्यामितीय आकारको अवधारणा कमजोर हुने समस्या व्यापक रहेको उल्लेख गरे।

कार्यक्रममा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को समावेशी तथा बालमैत्री विद्यालय सुधार परियोजनाअन्तर्गत सहपाठी सिकाइ, सहभागीतामूलक कक्षाकोठा व्यवस्थापन तथा बालकेन्द्रित शिक्षण विधिबारे पनि प्रशिक्षण दिइएको छ। परियोजनाका प्रतिनिधि भीमबहादुर साउदले शिक्षकले तालिमबाट सिकेका विधि व्यवहारमा उतार्न सके विद्यार्थीको गणितीय उपलब्धिमा उल्लेखनीय सुधार आउने बताए।

राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक धनसिंह महराले प्रारम्भिक तहका शिक्षकलाई यस्ता व्यावहारिक तालिमले कक्षाकोठामा प्रभावकारी शिक्षण गर्न ठूलो सहयोग पुग्ने बताए। उनले बालबालिकालाई रटाइभन्दा बुझाइमा आधारित सिकाइ गराउन सके गणितप्रतिको रुचि बढ्नुका साथै सिकाइ उपलब्धि पनि सुधार हुने धारणा व्यक्त गरे।

शिवशंकर माध्यमिक विद्यालयकी प्रधानाध्यापक लक्ष्मी थापाका अनुसार कक्षा १ देखि ३ सम्मका बालबालिकाको गणितीय आधार बलियो बनाउन रटाइमा आधारित शिक्षणभन्दा ठोस सामग्रीमा आधारित, विद्यार्थीको सक्रिय सहभागिता गराउने र व्यावहारिक अभ्यास गराउने शिक्षण विधि प्रभावकारी मानिन्छ। 'यस्ता विधिबाट शिक्षकले जटिल गणितीय अवधारणालाई सरलरूपमा प्रस्तुत गर्न सक्ने क्षमता विकास गर्नुका साथै प्रविधि र आधुनिक शिक्षण विधिको प्रयोगबारे ज्ञान हासिल गर्छन्,' उनले भनिन्, 'विद्यार्थीमा भने गणितप्रतिको डर कम हुने, विषयप्रति रुचि बढ्ने, तार्किक तथा विश्लेषणात्मक सोचको विकास हुने, समस्या समाधान गर्ने क्षमता अभिवृद्धि हुने र दैनिक जीवनमा गणितको व्यावहारिक प्रयोग गर्न सक्ने सीप विकास हुने विभिन्न शैक्षिक अनुसन्धानले देखाएका छन्।'

उनले तालिमले शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्नुका साथै प्रारम्भिक तहका बालबालिकाको गणित सिकाइलाई गुणस्तरीय, व्यावहारिक र उपलब्धिमूलक बनाउन महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिन्। *रासस*

## सर्पगन्धाले बदलिँदै सामुदायिक वनको स्वरूप

**दमौली (तनहुँ)–** तनहुँको देवघाट गाउँपालिकाका सामुदायिक वनहरूले दुर्लभ तथा बहुमूल्य औषधीय वनस्पति सर्पगन्धाको व्यावसायिक खेती सुरु गरेसँगै वन व्यवस्थापन र आम्दानीको नयाँ सम्भावना देखिएको छ। वनमा काठजन्य प्रजातिमात्र सीमित नरही उच्च आर्थिक तथा औषधीय महत्त्वका जडीबुटीको उत्पादनतर्फ समुदाय अग्रसर भएपछि देवघाट क्षेत्र जडीबुटी खेतीको केन्द्र बन्न लागेको हो।

देवघाट गाउँपालिका-५ स्थित मधुवन सामुदायिक वन उपभोक्ता समूहले तनहुँ जिल्लामै पहिलोपटक सर्पगन्धाको व्यावसायिक खेती थालेको छ। समूहले गत आर्थिक वर्षदेखि चार रोपनी क्षेत्रफलमा आठ हजार बिरुवा रोपण गरेको छ। उक्त परियोजनामा डिभिजन वन कार्यालय तनहुँले चार लाख रूपैयाँ र मधुवन सामुदायिक वनले एक लाख १० हजार गरी कूल पाँच लाख १० हजार रूपैयाँ लगानी भएको छ।

सर्पगन्धा खेती विस्तार गर्ने अभियानमा देवघाटका अन्य सामुदायिक वन पनि जोडिएका छन्। वडा नम्बर ५ स्थित चक्रवर्ती सामुदायिक वनले चार हजार र रानीवन सामुदायिक वनले एक हजार बिरुवा रोपेका छन्। यसैगरी कालिका सामुदायिक वन तथा वडा नम्बर १ को सुनझाँक्री सामुदायिक वनले प्राकृतिकरूपमा उम्रिएका सर्पगन्धाका बिरुवाको संरक्षण अभियान सुरु गरेका छन्। चालु आर्थिक वर्षभित्र थप बिरुवा रोपण गर्ने योजनासमेत वन समूहहरूले बनाएका छन्।

मधुवन सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष डिल्लीराम अधिकारीले सर्पगन्धाको महत्त्व र बजार सम्भावनालाई मध्यनजर गर्दै यसको व्यावसायिक खेती सुरु गरिएको बताए। 'सामुदायिक वनको आम्दानी बढाउनुका साथै वनलाई उत्पादनमुखी बनाउने उद्देश्यले यो खेती सुरु गरेका हौं,' उनले भने, 'गत वर्ष रोपिएका बिरुवाको संरक्षण, गोडमेल र विस्तार गर्दै आगामी वर्षहरूमा राम्रो आम्दानी लिन सकिने विश्वास छ।'

चक्रवर्ती सामुदायिक वनका अध्यक्ष टुकनाथ अधिकारीका अनुसार वनमा फैलिएका झाडी हटाएर बहुमूल्य जडीबुटीको खेती गरिएको हो। 'अबको दुई वर्षभित्र यसबाट प्रत्यक्ष आर्थिक लाभ लिन सकिने अपेक्षा गरेका छौं,' उनले भने।

सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेशका सचिव केशवचन्द्र न्यौपानेले सामुदायिक वनहरूले आम्दानीका वैकल्पिक स्रोत खोज्नुपर्ने बताउँदै देवघाटको तल्लो भेगको हावापानी सर्पगन्धा खेतीका लागि उपयुक्त भएकाले भविष्यमा यसबाट उल्लेखनीय आम्दानी लिन सकिने बताए। सबडिभिजन वन कार्यालय देवघाटका अनुसार उपभोक्ताहरूलाई सर्पगन्धाको महत्त्व, उपयोगिता र बजार मूल्यबारे जानकारी गराइएपछि व्यावसायिक खेतीतर्फ आकर्षण बढेको हो। पहिले झाडी ठानेर नष्ट गरिने यो वनस्पति अहिले वन समूहहरूको प्राथमिकतामा पर्न थालेको छ। डिभिजन वन कार्यालय तनहुँका अनुसार जिल्लामा हालसम्म देवघाटका सामुदायिक वनलेमात्रै सर्पगन्धाको व्यावसायिक खेती सुरु गरेका छन्।

समुद्री सतहबाट २०० देखि ५०० मिटर उचाइसम्मको भूभाग सर्पगन्धा खेतीका लागि उपयुक्त मानिन्छ। यही कारण देवघाटका वडा नम्बर १ र ५ बाहेकका अधिकांश क्षेत्रमा यसको खेती सम्भव नभएको वन कार्यालयले जनाएको छ। सर्पगन्धा (राउल्फिया) एक बहुवर्षीय सदाबहार औषधीय वनस्पति हो। यसको जरामा पाइने 'रिसर्पिन,' 'सर्पेन्टाइन' र 'एज्मालिन' जस्ता वनस्पतिजन्य रसायन उच्च रक्तचाप, निद्रा नलाग्ने समस्या, डिप्रेसन, मानसिक उत्तेजना तथा मिर्गी रोगको उपचारमा उपयोगी मानिन्छन्। *रासस*


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८३/०३/१९ गते**

यस कम्पनीको मिति २०८३/०३/१४ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **सहज सेवा सीप विकास केन्द्र प्रा.लि.** को नाम परिवर्तन गरी **भुमरिमाई मल्टीपर्पोज कम्पनी प्रा.लि. (दर्ता नम्बर २५८६९२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०३/१६ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०३/१९**

**अनप्लान होटल प्रा. लि.** को मिति २०८३/०३/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल अनप्लान पोखरा प्रा. लि. (दर्ता नं. ३९४९४५)** कायम गर्ने गरी मिति २०८३/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०३/१९**

**रियल एडभेन्चर नेपाल प्रा. लि.** को मिति २०८३/०३/०४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल लक्जरी जर्निज प्रा. लि. (दर्ता नं. ६३१५२)** कायम गर्ने गरी मिति २०८३/०३/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### ग्राहक उपयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कलंकी, काठमाडौं

**ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८३/०३/१९**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले विभिन्न मितिमा लिएको कर्जाको सावाँ, व्याज र हर्जना रकम लिखत शर्त बमोजिम तोकिएको भाखा म्याद भित्र तिर्नु बुझाउनु पर्नेमा हाल सम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरूको उल्लंघन गरेकोले सो सम्बन्धमा बारम्बर मौखिक एवं लिखित पत्रद्वारा ताकेता गर्दा समेत ऋणी, एवं जमानीकर्ताले तिर्नु बुझाउनु पर्ने कर्जाको सावाँ, ब्याज र हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्त गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई तिर्नु बुझाउनु पर्ने कर्जाको सावाँ, ब्याज, हर्जना तथा लागेको दैदस्तुर समेत एकमुष्ठ चुक्ता फछ्र्यौट गर्नुहुन सम्बन्धित ऋणी एवं जमानीकर्ताहरूलाई सूचित गरिन्छ। सो म्याद भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता फछ्र्यौट नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम, नीति तथा प्रचलित कानून बमोजिमको व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र धितो जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

| ऋणीको तिनपस्तो विवरण | फोटो | जमानिको तिनपुस्ते विवरण | फोटो |
|---|---|---|---|
| ऋणीको नाम र थर : नगोन्द्र प्रसाद गौतम<br>ऋणीको बुबा : कृष्ण प्रसाद गौतम<br>ऋणीको हजुरबुबा : जयलाल गौतम<br>ठेगाना : रूपन्देहि जिल्ला सेनामैना गा.वि.स वडा नं.४ हाल का.म.न.पा-१४ कलंकि<br>सम्पर्क नं. :९८५१०६१७३०/नागरिकता नं.२३८१ | | जमानिको नाम र थर : रमेश पराजुलि<br>जमानिको बुबा : दयानिधि पराजुलि<br>जमानिको हजुरबुबा : टिकाराम पराजुलि<br>ठेगाना : अर्घाखाचि जिल्ला सन्धिखर्क गा.वि.स वडा नं.५ हाल का.म.न.पा-१४ कलंकि<br>नगरिकता नं.२१७१/१०८४/०४४ | |
| ऋणीको नाम र थर : बसुन्धरा के.सि<br>ऋणीको बुबा : अर्जुन बहादुर के.सि<br>ऋणीको हजुरबुबा : खिर बहादुर के.सि<br>ठेगाना : मकवनपुर जिल्ला दामन गा.वि.स वडा नं.५, हाल का.म.न.पा-१४ कलंकि<br>नागरिकता नं.४०/९०८ | | जमानिको नाम र थर : बिमला के.सि<br>जमानिको ससुराबुबा : अर्जुन बहादुर के.सि<br>जमानिको श्रीमान : बसुन्धरा के.सि<br>ठेगाना : मकवनपुर जिल्ला दामन गा.वि.स वडा नं.५ हाल का.म.न.पा-१४ कलंकि<br>नगरिकता नं.३१३०३७/९ | |
| ऋणीको नाम र थर : शिव शरण विश्वकर्मा<br>ऋणीको बुबा : सानुभाई विश्वकर्मा<br>ऋणीको हजुरबुबा : कालु विश्वकर्मा<br>ठेगाना : ललितपुर उ.प.मा.न.पा वडा नं.५ हाल का.म.न.पा-१४ कलंकि<br>सम्पर्क : ९८४१४७३९५०/नागरिकता नं.३२३४२ | | जमानिको नाम र थर : सुनेना नापित<br>जमानिको ससुराबुबा : जित बहादुर नापित<br>जमानिको श्रीमान : तेज बहादुर नापित<br>ठेगाना : काभ्रे जिल्ला सन्धिर भगवति गा.वि.स वडा नं.८ हाल का.म.न.पा-१३ छाउनि<br>नगरिकता नं.३०१०७८/१६६०९७ | |
| ऋणीको नाम र थर : ईन्द्र बहादुर दाहाल<br>ऋणीको बुबा : भिम बहादुर दाहाल<br>ऋणीको हजुरबुबा : चन्द्रलाल दाहाल<br>ठेगाना : पाँचथर जिल्ला थर्पु गा.वि.स वडा नं.१ हाल का.म.न.पा-१४ कलंकि<br>सम्पर्क ९८४१५३३२२६/नागरिकता नं.७६ | | जमानिको नाम र थर : किरण कुमार पाठक<br>जमानिको ससुराबुबा : राम कृष्ण पाठक<br>जमानिको श्रीमान : जानकि दन्तउपाधया पाठक<br>ठेगाना : काठमाडौं मा.न.पा वडा नं.३३<br>नगरिकता नं.५२८६/५२७९/७००५/३१७५० | |
| ऋणीको नाम र थर : माधव लामिछाने<br>ऋणीको बुबा : तिल बहादुर लामिछाने<br>ऋणीको हजुरबुबा : मुक्ति प्रसाद लामिछाने<br>ठेगाना : धादिङ जिल्ला पिडा गा.वि.स वडा नं.२ हाल का.म.न.पा-१४ कलंकि<br>सम्पर्क ९८५५०३३४२२/नागरिकता नं.२६१/२८९१६ | | जमानिको नाम र थर : सुजता कडेल<br>जमानिको बुबा : गणेश बहादुर कडेल<br>जमानिको श्रीमान : माधव लामिछाने<br>ठेगाना : धादिङ जिल्ला पिडा गा.वि.स वडा नं.२ हाल का.म.न.पा-१४ कलंकि<br>नगरिकता नं.२६-०१-७४-०५९६५ | |
| ऋणीको नाम र थर : विजय पुलामि<br>ऋणीको बुबा : डम्बर बहादुर पुलामि<br>ऋणीको हजुरबुबा : विर बहादुर पुलामि<br>ठेगाना : महोतरि जिल्ला खयरमाटा गा.वि.स वडा नं.४ हाल का.म.न.पा-१४ कलंकि<br>सम्पर्क ९८०८२९७७४७/नागरिकता नं.१८३०७७/१०७ | | जमानिको नाम र थर : प्रभाकर रायमाझी<br>जमानिको बुबा : महेश्वर रायमाझी<br>जमानिको हजुरबुबा : सेर बहादुर रायमाझी<br>ठेगाना : काठमाडौं मा.न.पा वडा नं.१४<br>नगरिकता नं.२७-०१-७३-११३११ | |
| ऋणीको नाम र थर : सुमन श्रेष्ठ<br>ऋणीको बुबा : दर्गालाल श्रेष्ठ<br>ऋणीको हजुरबुबा : चन्द्रलाल श्रेष्ठ<br>ठेगाना : बाग्लुङ जिल्ला बुर्तिवाङ गा.वि.स वडा नं.१ हाल का.म.न.पा-१३ बाफल<br>सम्पर्क ९८४१७५८६००/नागरिकता नं.११८४६/४७/४२५१४ | | | |
| ऋणीको नाम र थर : केवल शाहा<br>ऋणीको बुबा : नर बहादुर ठकुरी<br>ऋणीको हजुरबुबा : एक बहादुर ठकुरी<br>ठेगाना : काभ्रे जिल्ला सिपालि गा.वि.स वडा नं.४ हाल का.म.न.पा-१३ बाफल<br>सम्पर्क ९८४१४८८५६१/नागरिकता नं.२८९५५ | | जमानिको नाम र थर : राम माया श्रेष्ठ<br>जमानिको बुबा : पशुराम श्रेष्ठ<br>जमानिको हजुरबुबा : दल बहादुर श्रेष्ठ<br>ठेगाना : धादिङ जिल्ला बुढासुब्बा गा.वि.स वडा नं.६ हाल का.म.न.पा-१४ कलंकि | |
| ऋणीको नाम र थर : पार्वता बिष्ट<br>ऋणीको श्रीमान : भक्त बहादुर बिष्ट<br>ऋणीको ससुरबुबा : नर बहादुर बिष्ट<br>ठेगाना : तापलेजुङ जिल्ला फावाखोल गा.वि.स वडा नं.८<br>सम्पर्क ९८४३७३६५५/ नागरिकता नं.१८८ | | जमानिको नाम र थर : भक्त बहादुर बिष्ट<br>जमानिको बुबा : नर बहादुर बिष्ट<br>जमानिको हजुरबुबा : दिर्घ सिह बिष्ट<br>ठेगाना : तापलेजुङ जिल्ला फावाखोल गा.वि.स वडा नं.८<br>नगरिकता नं.३६९२२/१२० | |
| ऋणीको नाम र थर : मिनाकुमारी सुनुवार<br>ऋणीको बुबा : गोपाल बहादुर सुनुवार<br>ऋणीको ससुरबुबा : चैत्य राम सुनुवार<br>ठेगाना : का.म.न.पा गा. वडा नं.१४ रबिभवन<br>सम्पर्क ९८४५०५७२७६/नागरिकता नं.११७४९ | | जमानिको नाम र थर : रूपेश विश्वकर्म<br>जमानिको बुबा : सानुभाई विश्वकर्म<br>जमानिको हजुरबुबा : राम विश्वकर्म<br>ठेगाना : ललितपुर जिल्ला छम्पि गा.वि.स वडा नं.२<br>हाल कालिमाटि.१३/नगरिकता नं.२८-०१-०६५-०१२८० | |
| ऋणीको नाम र थर : रमित बलामि<br>ऋणीको बुबा : इन्द्रमान बलामि<br>ऋणीको हजुरबुबा : सानु बलामि<br>ठेगाना : नुवाकेट जिल्ला ओखरपैवा गा.वि.स वडा नं.८ हाल बाफल वडा नं.१३<br>सम्पर्क ९८६०४९०१०२/नागरिकता नं.२५१०६०/२३६ | | जमानिको नाम र थर : इन्द्रमान बलामि<br>जमानिको बुबा : सानु बलामि<br>जमानिको हजुरबुबा : सुकुचा बलामि<br>ठेगाना : नुवाकेट जिल्ला ओखरपैवा गा.वि.स वडा नं.८<br>नगरिकता नं.८२५२८ | |
| ऋणीको नाम र थर : उपेन्द्र चौधरी<br>ऋणीको बुबा : झगडु चौधरी<br>ऋणीको हजुरबुबा : पहलमान चौधरी<br>ठेगाना : सर्लाहि जिल्ला सुन्दरपुर चौहवा गा.वि.स वडा नं.६<br>सम्पर्क ९८४९३००२७७/ नागरिकता नं.९११४००२७ | | जमानिको नाम र थर : पुनम चौधरी<br>जमानिको बुबा : कृष्ण मुरारी चौधरी<br>जमानिको ससुरबुबा : अयोध्या चौधरी<br>ठेगाना : रौतहट जिल्ला सुन्दरपुर गा.वि.स वडा नं.१<br>नगरिकता नं.४६५ | |
| ऋणीको नाम र थर : कृष्ण प्रसाद मुडवारी<br>ऋणीको बुबा : भुमिन्द्र मुडवरी<br>ऋणीको हजुरबुबा : रामजि मुदवरी<br>ठेगाना : नुवकोट जिल्ला बेलकोटगढी गा.वि.स वडा नं.३<br>सम्पर्क ९८४९३०४०४८/नागरिकता नं.५४७८३/३९१ | | जमानिको नाम र थर : गणेश दुलाल<br>जमानिको बुबा : नन्दलाल दुलाल<br>जमानिको हजुरबुबा : छुने दुलाल<br>ठेगाना : का.म.न.पा गा. वडा नं.८ तारकेशवर<br>नगरिकता नं.४९८०/१४९८४ | |
| ऋणीको नाम र थर : सारदा श्रेष्ठ<br>ऋणीको बुबा : रत्न गोपाल नारायन श्रेष्ठ<br>ऋणीको हजुरबुबा : शिव गोपाल श्रेष्ठ<br>ठेगाना : का.म.न.पा गा. वडा नं.२ बज्रयोजिनी<br>सम्पर्क ९८४१७१८२४०/नागरिकता नं.२१०८६ | | जमानिको नाम र थर : संजय श्रेष्ठ<br>जमानिको बुबा : रत्न गोपाल नारायन श्रेष्ठ<br>जमानिको हजुरबुबा : शिव गोपाल श्रेष्ठ<br>ठगाना : का.म.न.पा वडा नं.१४कलंकि<br>नगरिकता नं.४१७३८/४६७२१ | |
| ऋणीको नाम र थर : सृजना बस्नेत<br>ऋणीको बुबा : शम्बु कुमार बस्नेत<br>ऋणीको हजुरबुबा : टेक बहादुर बस्नेत<br>ठेगाना : का.म.न.पा गा. वडा नं.११ बबरमहल<br>सम्पर्क ९८४७६९०२५४/नागरिकता नं.५२५८ | | जमानिको नाम र थर : बेल कुमारी कार्की<br>जमानिको बुबा : प्रेम बहादुर कार्की<br>जमानिको हजुरबुबा : तिलक बहादुर कार्की<br>ठेगाना : रामेछाप जिल्ला गा.वि.स वडा नं.<br>हाल का.म.न.पा गा. वडा नं.११ बबरमहल<br>नगरिकता नं.११५४०५० | |
| ऋणीको नाम र थर : ध्रुब देबि डांगि<br>ऋणीको बुबा : चक्र बहादुर डांगि<br>ऋणीको हजुरबुबा : र्हकध्वज डांगि | | जमानिको नाम र थर : निरज चन्द<br>जमानिको बुबा : जय बहादुर चन्द<br>जमानिको हजुरबुबा : पदाल चन्द | |
| ऋणीको नाम र थर : गिता तमाङ<br>ऋणीको बबा: भैरब तमाङ<br>ऋणीको हजरबबा : धन लाल तमाङ | | जमानिको नाम र थर : शमशेर अधिकारी<br>जमानिको बुबा : शंभु अधिकारी<br>जमानिको हजुरबुबा : मित्र बहादुर अधिकारी | |

| | | | |
|---|---|---|---|
| ऋणीको नाम र थर : पार्वति गुरुङ<br>ऋणीको ससुराबुबा :- हातिम गुरुङ<br>ऋणीको श्रीमान :- राजु गुरुङ<br>ठेगाना :- सुनसरी जिल्ला धरान उ.प.न.पा वडा नं.१६ हाल का.म.न.पा वडा नं.१४<br>सम्पर्क नं.९८१३९३६५६५/नगरिकता नं.०६/४७९ | | जमानिको नाम र थर :- धन कुमारी तमाङ<br>जमानिको बुबा :- बाबुकाजी तमाङ<br>जमानिको हजुर बुबा :- आशाकाजी तमाङ<br>ठेगाना :- काभ्रे जिल्ला नमोबुद न.पा वडा नं.८ हाल का.म.न.पा वडा नं.१४<br>नागरिकता नं.७९६६९ | |
| ऋणीको नाम र थर :- समुन्द्र अर्याल<br>ऋणीको ससुराबुबा :- टेक राज अर्याल<br>ऋणीको श्रीमान :- कृष्ण हरि अर्याल<br>ठेगाना :- चितवन जिल्ला भरतपुर उ.प.न.पा वडा नं.५ हाल का.म.न.पा वडा नं.१४<br>सम्पर्क नं.९८१३८९१०९५/नगरिकता नं.१२६००/०५४ | | जमानिको नाम र थर :- प्रमिला सुवेदि<br>जमानिको ससुराबुबा :- पुष्कर सुवेदि<br>जमानिको श्रीमान :- प्रमोद कुमार सुवेदि<br>ठेगाना :- मकवानपुर जिल्ला मनहरि न.पा वडा नं.४ हाल का.म.न.पा वडा नं.१४<br>नागरिकता नं.१०/१२४३ | |

| | | | |
|---|---|---|---|
| ऋणीको नाम र थर :- तिल बहादुर शाह<br>ऋणीको बुबा :- नर बहादुर शाह<br>ऋणीको हजुरबुबा :- मान बहादुर शाह<br>ठेगाना :- कैलालि जिल्ला सहजपुर गा.वि.स वडा नं.५ हाल का.म.न.पा वडा नं.१४<br>सम्पर्क नं.९८४४०८३३३१/नगरिकता नं.५८०८२ | | जमानिको नाम र थर :- माधव लामिछाने<br>जमानिको बुबा :- तिल बहादुर लामिछाने<br>जमानिको हजुरबुबा :- भुमि प्रसाद लामिछाने<br>ठेगाना :- धदिङ जिल्ला पिडा गा.वि.स वडा नं.२ हाल का.म.न.पा वडा नं.१४<br>नागरिकता नं.२६६२/२८९१ | |
| ऋणीको नाम र थर :- कृष्ण मिजार<br>ऋणीको बुबा :- बुदि बहादुर मिजार<br>ठेगाना :- नुवाकोट जिल्ला थानसिङ गा.वि.स वडा नं.४ हाल का.म.न.पा वडा नं.१४<br>सम्पर्क नं.९८०३८४५९६५<br>नगरिकता नं.२५३०५७/७३१ | | जमानिको नाम र थर :- श्याम बहादुर अधिकारी<br>जमानिको बुबा :- लेख बहादुर अधिकारी<br>जमानिको हजुरबुबा :- होम बहादुर अधिकारी<br>ठेगाना :- धदिङ जिल्ला मैदि गा.वि.स वडा नं.८ हाल का.म.न.पा वडा नं.१४<br>नागरिकता नं.१/६२३६९ | |
| ऋणीको नाम र थर :- नेत्रमणि श्रेष्ठ<br>ऋणीको बुबा :- केशव प्रसाद श्रेष्ठ<br>ऋणीको हजुरबुबा :- मुक्ति प्रसाद श्रेष्ठ<br>ठेगाना :- चितवन जिल्ला भण्डार गा.वि.स वडा नं.८ हाल का.म.न.पा वडा नं.१४<br>सम्पर्क नं.९८६३६४८२४२/नगरिकता नं.७२२४/०५८ | | जमानिको नाम र थर :- भरत प्रसाद पौडेल<br>जमानिको बुबा :- राम दन्त पौडोल<br>जमानिको हजुरबुबा :- अग्नीधर पौडेल<br>ठेगाना :- चितवन जिल्ला पार्वतिपुर गा.वि.स वडा नं.१ हाल का.म.न.पा वडा नं.१४<br>नागरिकता नं.१२१६ | |
| ऋणीको नाम र थर :- विश्वपाल थापा<br>ऋणीको बुबा :- हर्क बहादुर थापा<br>ऋणीको हजुरबुबा :- नर बहादुर थापा<br>ठेगाना:-का.म.न.पा वडा नं.१५ हाल का.म.न.पा वडा नं.१३<br>सम्पर्क नं.९८०१०२४७२३/ नगरिकता नं.९०९५/१७९३ | | जमानिको नाम र थर :- प्रेम बहादुर थापा मगर<br>जमानिको बुबा :- जय बहादुर थापा मगर<br>जमानिको हजुरबुबा :- धन बहादुर थापा मगर<br>ठेगाना :- सिन्धुलि जिल्ला रानिपुरी गा.वि.स वडा नं.८ हाल का.म.न.पा वडा नं.१३<br>नागरिकता नं.३३२०४ | |
| ऋणीको नाम र थर : - गौरी पन्थ<br>ऋणीको ससुराबुबा :- खगराज रेग्मी<br>ऋणीको श्रीमान :- विजय राज रेग्मी<br>ठेगाना :- गोरखा जिल्ला तारानगर गा.वि.स वडा नं.१ हाल का.म.न.पा वडा नं.१४<br>सम्पर्क नं.९८६०९२३६११/ नगरिकता नं.३७६७४ | | जमानिको नाम र थर : -बिनिता शाही<br>जमानिको ससुराबुबा :- दिल बहादुर शाहि<br>जमानिको श्रीमान :- जितेन्द्र शाही<br>ठेगाना :- रामेछाप जिल्ला माकाटु गा.वि.स वडा नं.४ हाल का.म.न.पा वडा नं.१४<br>नागरिकता नं.३०-०१-७०-५५५८ | |
| ऋणीको नाम र थर :- गायत्रि संग्रौला<br>ऋणीको ससुराबुबा :- देवेन्द्र स्रग्रौला<br>ऋणीको श्रीमान :- कृष्ण प्रसाद संग्रौला<br>ठेगाना :- झापा जिल्ला मेचि मा.न.पा वडा नं.८ हाल का.म.न.पा वडा नं.१४<br>सम्पर्क नं.९८६८१३३७५५/नगरिकता नं.६४३८३१९४ | | | |

| ऋणीको तिनपस्तो विवरण | जमानिको तिनपुस्ते विवरण |
|---|---|
| ऋणीको नाम र थर :- शुसिला कुमारी जोशी<br>ऋणीको बुबा :- जनार्जुन जोशी<br>ऋणीको हजुरबुबा :- परमानन्द जोशी<br>ठेगाना :- दार्चुला जिल्ला रिट्ठचौपाय गा.वि.स वडा नं.२ हाल का.म.न.पा वडा-१४ कलंकि<br>सम्पर्क नं.:- ९८४८८४८७३५/नागरिकता नं.१७०१५ | |
| ऋणीको नाम र थर :- तुलसी प्रसाद सापकोटा<br>ऋणीको बुबा :- धर्मानन्द सापकोटा<br>ऋणीको हजुरबुबा :-नन्द लाल सापकोटा<br>ठेगाना :- झापा जिल्ला पाँचगाछी गा.वि.स वडा नं.५ हाल का.म.न.पा वडा-१४ कलंकि<br>सम्पर्क नं:- ९८५१०८७७८०/नागरिकता नं.८५०६१८७७ | जमानिको नाम र थर :- खिमा पौड्याल<br>जमानिको बुबा :- योग प्रसाद पौड्याल<br>जमानिको हजुरबुबा :- योगनिधि पौड्याल<br>ठेगाना :- झापा जिल्ला दमक गा.वि.स वडा नं.२ हाल का.म.न.पा वडा-१४ कलंकि<br>सम्पर्क नं.:- ९८४१०५६७३३/नागरिकता नं.०४/६५८२ |
| ऋणीको नाम र थर :- अम्बर बहादुर दर्जी<br>ऋणीको बुबा :- जय गंभिर दर्जी<br>ऋणीको हजुरबुबा :- पुर्ण बहादुर दर्जी<br>ठेगाना :- ओखलढुंगा जिल्ला कटुन्जे गा.वि.स वडा नं.१ हाल का.म.न.पा वडा-१४ कलंकि<br>सम्पर्क नं:- ९८६०४५७६९४/नागरिकता ४६४४६/१५२६ | जमानिको नाम र थर :- सारदा दर्जि<br>जमानिको बुबा :- मान बहदुर दमाई<br>जमानिको श्रीमान् :- अम्बर बहादुर दर्जी<br>ठेगाना :- ओखलढुंगा जिल्ला कटुन्जे गा.वि.स वडा नं.८ हाल का.म.न.पा वडा-१४ कलंकि |
| ऋणीको नाम र थर :- रश्मीला सेडाई<br>ऋणीको बुबा :- भरत बहादुर रानाभाट<br>ऋणीको हजुरबुबा :- राम बहादुर रानाभाट<br>ठेगाना :- झापाजिल्ला महारानीझोडा गा.वि.स वडा नं.४ हाल का.म.न.पा वडा-१४ कलंकि<br>सम्पर्क नं:- ९८४०६०२६८४/नागरिकता नं.०४२०४६/१६९१ | |
| ऋणीको नाम र थर :- अम्बिका खड्का<br>ऋणीको बुबा :- विस्णु ध्वज खड्का<br>ऋणीको हजुरबुबा :- चन्द्रध्वज खड्का<br>ठेगाना :- ओखलढुंगा जिल्ला सिंहदेवि गा.वि.स वडा नं.६ हाल का.म.न.पा वडा-१४ कलंकि<br>सम्पर्क :- ९८६२२६७५६३/नागरिकता नं.६५३०४/१३८७ | |
| ऋणीको नाम र थर :- अर्जुन मोक्तान<br>ऋणीको बुबा :- चन्द्र बहादुर मोक्तान<br>ऋणीको हजुरबुबा :- तोप बहादु मोक्तान<br>ठेगाना :- धादिङ जिल्ला गजुरी गा.वि.स वडा नं.८ हाल का.म.न.पा वडा-१४ कलंकि<br>सम्पर्क नं:- ९८०३३५०५८४/नागरिकता नं.२६१/२९१०८ | जमानिको नाम र थर :- सविना बुढाथोकि<br>जमानिको बुबा :- साधुराम बुढाथोकि<br>जमानिको हजुरबुबा :- कृष्ण बहादुर बुढाथोकि |
| ऋणीको नाम र थर :- राज कुमार श्रेष्ठ<br>ऋणीको बुबा :- कुमार श्रेष्ठ<br>ऋणीको हजुरबुबा :- रत्न बहादुर श्रेष्ठ<br>ठेगाना :- काठमाडौ जिल्ला किर्तिपुर न.पा वडा नं.९ हाल का.म.न.पा वडा-१४ कालिमाटि<br>सम्पर्क नं:- ९८५१११८३७२/नागरिकता नं.२७७० | |
| ऋणीको नाम र थर :- कृष्ण प्रसाद चौलागाई<br>ऋणीको बुबा :- केवल कृष्ण चौलागाई<br>ऋणीको हजुरबुबा :- जयधर्म चौलागाई<br>ठेगाना :- मकवनपुर जिल्ला मकाँचुलि गा.वि.स वडा नं.६ हाल का.म.न.पा वडा-१४ कालिमाटि<br>सम्पर्क नं:- ९८०३७४०६२१/ नागरिकता नं.१९३८१ | |
| ऋणीको नाम र थर :- शान्त बहादुर जिरेल<br>ऋणीको बुबा :- भक्त बहादुर जिरेल<br>ऋणीको हजुरबुबा :- पुर्ण बहादुर जिरेल<br>ठेगाना :- देलखा जिल्ला क्षेत्रपा गा.वि.स वडा नं.८ हाल का.म.न.पा वडा-१४ कलंकि<br>नागरिकता नं.२२३९३९/२३२ | |
| ऋणीको नाम र थर :- बिना खड्गी<br>ऋणीको बुबा :- प्रेम बहादुर खड्गी<br>ऋणीको हजुरबुबा :- धन बहादुर खड्गी<br>ठेगाना :- काठमाडौ जिल्ला धर्मस्थली गा.वि.स वडा नं.३ हाल का.म.न.पा वडा-१४ कलंकि<br>नागरिकता नं.१९८७५ | |
| ऋणीको नाम र थर :- राम मर्हजन<br>ऋणीको बुबा :- माईला मर्हजन<br>ऋणीको हजुरबुबा :- लक्ष्मी नारायण मर्हजन<br>नागरिकता नं.४२९५ | |
| ऋणीको नाम र थर :- कृष्ण बहादुर खड्का<br>ऋणीको बुबा :- धन बहादुर खड्का<br>ऋणीको हजुरबुबा :- वरवत बहादुर खड्का<br>नागरिकता नं.१४३२३ | |
| ऋणीको नाम र थर :- धन बहादुर रोक्का<br>ऋणीको बुबा :- जिवराज रोक्का<br>ऋणीको हजुरबुबा :- भिम बहादुर रोक्का<br>नागरिकता नं.५/१३७२/३६४५ | |

# प्रभाव दैनिक





**शिल्पी थिएटरमा 'मिस मेनुका' मञ्चन हुने**

बत्तिसपुतलीमा अवस्थित शिल्पी थिएटरमा 'मिस मेनुकाः एक संवेदनशील यौनकर्मी' नामक नाटक मञ्चन हुने भएको छ । यो फ्रान्सेली नाटक ला पे... रेस्पेक्टुअजको नेपाली रूपान्तरण हो । यो नाटकको मुख्य सर्जक भाँ पल सार्त्र हुन् । नाटकको नेपाली रूपान्तरण कल्पना घिमिरे नुरिस्साँले गरेकी हुन् भने निर्देशन पवित्रा खड्काले गरेकी हुन् । अहिले थिएटरले नाटकको आधिकारिक पोस्टर सार्वजनिक गरेको छ । मञ्चन मिती र संलग्न कलाकारहरू भने खुलाएको छैन । यसअघि शिल्पी थिएटरले सार्त्रको कालजयी नाटक 'नो एक्जिट'को नेपाली रूपान्तरण 'अनुपस्थित तिन'मा मञ्चन गरेको थियो ।





शुक्रबार, १९ असार २०८३ (Friday, 3 July 2026)


# गम्भीर विषयमा सरल प्रस्तुति 'गौंथली'




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आगामी साउन १ गतेदेखि नेपाली चलचित्र 'गौंथली' प्रदर्शन हुँदैछ । झन्डै २५ वर्ष अगाडि प्रदर्शन भएको सोही शीर्षकको चलचित्र गीतिकथामा आधारित रहेर 'गौंथली' तयार गरिएको हो ।

सानै उमेरमा विवाह हुने बालिकाको पढ्ने चाहनालाई कथामा तयार गरिएको गीति चलचित्र 'गौंथली' को कथा लेखनका साथै निर्माण डाक्टर भोला रिजालले गरेका हुन् ।

सोही शीर्षक र भावमा रहेर डा रिजालकै छोरा डा कपिल रिजालले 'गौंथली'को निर्माण तथा निर्देशन गरेका छन् । निर्देशक डा रिजालको यो दोस्रो चलचित्र हो, यसअघि उनले 'ह्यारीकी प्यारी' नामक चलचित्र निर्देशन गरिसकेका छन् ।

बेलायतमा दन्त चिकित्सक रहेका डा. रिजाल पछिल्लो समय चलचित्रको काममै निरन्तर छन् । सानैदेखि कलाकै माहोलमा हुर्किएका कारण लगाव चलचित्रप्रति बढेको हुनसक्ने निर्देशक डा रिजालले बताए ।

'मैले पहिलादेखि नै साङ्गीतिक श्रव्यदृश्य, छोटा चलचित्र बनाउने गर्थे, यसमा मेरो रूचि बढ्नुका साथै रहर पनि थियो । अहिले समय सही आएकोजस्तो लागेर मैले चलचित्र निर्देशन गरिरहेको छु, मैले निर्देशन गरिरहेका चलचित्रले मनोरन्जनसँगै सामाजिक सन्देश पनि दिएको छ', निर्देशक डा. रिजालले भने ।

उनले निर्देशन गरेका दुवै चलचित्र 'ह्यारीकी प्यारी' र 'गौंथली' मा स्वास्थ्यसँग सम्बन्धित विषय जोडिएको छ । 'ह्यारीकी प्यारी' मा 'स्पर्म डोनेशन' (वीर्य दान) को विषयवस्तुलाई प्रस्तुत गरेका निर्देशक डा रिजालले 'गौंथली' मा 'अटिजम' भएको व्यक्तिको जीवनशैलीलाई प्रस्तुत गरेका छन् ।

'म चिकित्सक भएकाले पनि मलाई ती विषयहरू सोचमा आउने गरेको हुनसक्छ, सोही कारण मैले निर्देशन गरेका चलचित्रमा कथा तयार गर्दा स्वास्थ्य पनि जोडिन्छ । यसले आम दर्शकले ती स्वास्थ्य समस्यासँग परिचित गराउनुका साथै त्यस्ता समस्या भएमा के गर्ने भन्नेबारेमा सुक्ष्म तरिकाले जानकारी दिईरहेको हुन्छ', उनले भने ।

उनले चलचित्र 'गौंथली' मा एउटी अध्ययन गर्न चाहिरहेकी बालिका र असामान्य देखिने युवकको जोडीलाई चलचित्रमा प्रस्तुत गरेका छन् । शिक्षाबाट वञ्चित बालिकाले गर्ने सङ्घर्ष नै चलचित्रको मुख्य विषय हो । ग्रामीण परिवेशमा तयार गरिएको चलचित्रमा 'अटिजम' भएका युवकको रूपमा अभिनेता अरुण क्षेत्री र एसइई पास गर्ने सपना बोकेकी बालिकाको रूपमा अभिनेत्री सिम्रन खड्का देखिएका छन् ।

'पढ्ने रहर हुँदाहुँदै कम उमेरमै विवाह गर्नुपरेकी युवती र असामान्य व्यवहार देखाउने जोडीको कथामा चलचित्र तयार भएको छ । झट्ट हेर्दा असामान्य देखिने जोडीले जीवनमा भोग्ने उतारचढावमा शिक्षाले पार्ने प्रभाव चलचित्रमा देखाइएको छ । गम्भीर विषयमा सरल चलचित्र बनाउने कोसिस गरेका छौं', अभिनेता क्षेत्रीले भने ।

उक्त चलचित्रमा अभिनेता क्षेत्रीसँगै सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सन्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारले अभिनय गरेका छन् ।

डा. भोला रिजालको कथामा आधारित उक्त चलचित्रको सम्वाद निश्चल कुँवर, नीरज नेपाल र गिरिराज घिमिरेले संयुक्त रूपमा तयार गरेका हुन् । निर्देशक रिजालले 'गौंथली'ले घर, परिवार र आपसी सामीप्यताको प्रतीकात्मक अर्थ बोकेको बताए । 'हामीले चलचित्रमा घर र परिवारको महत्व देखाउन खोजेका छौं, जहाँ शिक्षाको महत्वपूर्ण भूमिका छ', निर्देशक रिजालले भने । चलचित्रलाई सुमन गिरी र निर्देशक रिजालले संयुक्त रूपमा निर्माण गरेका छन् ।

# टेलिसिरियल 'यो कथा होइन' बन्ने, साउनदेखि प्रसारण



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली समाजको एक शताब्दीअघिको जीवन, सामाजिक संरचना र जातीय विभेदका यथार्थलाई पर्दामा उतार्ने उद्देश्यले नयाँ टेलिसिरिज 'यो कथा होइन' निर्माण हुने भएको छ । बिहीबार राजधानीमा आयोजित एक कार्यक्रमकाबिच टेलिसिरियल निर्माण घोषणा गरिएको हो ।

कलाकार श्रीप्रसाद थापाले निर्देशन गर्ने टेलिसिरियल उनले नै लेखेका हुन् । 'यो कथा होइन'ले मनोरञ्जनका साथै नेपाली समाजको इतिहास र यथार्थलाई उजागर निर्देशक थापाले बताए ।

'धेरैपछि आफ्नै कथा लेखन र निर्देशनमा टेलिरियल गर्दैछु । 'यो कथा होइन'मा आजभन्दा करिब १०० वर्षअघिको नेपाली समाजको कथा समेटिएको छ', उनले भने 'त्यो समयमा समाज कस्तो थियो, मानिसहरूको जीवनशैली कस्तो थियो, जातीय विभेद र सामाजिक विभाजन कसरी थियो भन्ने विषयलाई यथार्थ रूपमा प्रस्तुत गर्नेछु ।'

रवि गिरी, रोशनी सापकोटा, जानुका खड्का, दीपेन्द्र तिमल्सिना, शुशिला भट्टराई, मुकेश हमाल, आकृति न्यौपाने, लक्ष्मण चौलागाईं, मोति सुवेदी, गायत्री थापा, गान्दिप सुवेदी, नुशा लिङ्देन, आरती बिक र ईशा सिंजालीको अभिनय टेलिसिरियलमा रहनेछ । टेलिसिरियल साउनदेखि प्रसारणमा आउनेछ ।






# अमेरिका, बेल्जियम, इंग्ल्याण्ड अन्तिम १६ मा

## बोस्निया एण्ड हर्जगोभिना, सेनेगल र डीआर कंगो बाहिरियो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बोस्निया एन्ड हर्जगोभिनालाई पराजित गर्दै अमेरिका फिफा विश्वकप फुटबल २०२६ को अन्तिम १६ मा प्रवेश गरेको छ ।

सान फ्रान्सिस्को बे एरिया स्टेडियममा बिहीबार भएको खेलमा अमेरिकाले बोस्निया एन्ड हर्जगोभिनालाई २-० ले पराजित गर्दै अन्तिम १६ मा स्थान पक्का गरेको हो ।

अमेरिकाको जितमा फोलारिन बालोगुन र मलिक टिलम्यानले समान एक एक गोल गरे । खेलको ४५औं मिनेटमा फोलारिन बालोगुनले गोल गर्दै अमेरिकालाई पहिलो अग्रता दिलाए ।

त्यसपछि खेलको ६४ औं मिनेटमा फोलारिन बालोगुनले रातो कार्ड खाँदै मैदान बाहिरिएपछि अमेरिका १० खेलाडीमा सीमित बनेको थियो । त्यसपछि पनि अमेरिकाले खेलको ८२ औं मिनेटमा अर्को गोल थप्यो । उसका लागि टिलम्यानले गोल गरे ।

**बेल्जियम विजयी**

त्यस्तै गए राति भएको अर्को खेलमा बेल्जियमले सेनेगललाई ३-२ गोलले पराजित गर्दै विश्वकपको अन्तिम १६ मा पुगेका थियो । अब विश्वकपको अन्तिम १६ को खेलमा अमेरिकाले बेल्जियमसँग खेल्नेछ ।



**इंग्ल्यान्ड अन्तिम १६ मा प्रवेश**

इङ्ल्यान्ड फिफा विश्वकप फुटबल २०२६ को अन्तिम १६ मा प्रवेश गरेको छ । एटलान्टा स्टेडियममा भएको राउन्ड अफ ३२ अन्तर्गतको खेलमा डीआर कंगोलाई २-१ ले पराजित गर्दै इंग्ल्यान्ड अन्तिम १६ मा प्रवेश गरेको हो ।

डीआर कंगोलाई पराजित गर्दै इंग्ल्यान्डको जितमा कप्तान ह्यारी केन नायक बने । उनले इंग्ल्यान्डका लागि दुवै गोल गरे । खेलमा पहिलो अग्रता भने कंगोले लियो ।

खेलको ७औं मिनेटमा ब्रायन चिपेङ्गाले गोल गर्दै कंगोलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ७५औं मिनेटमा डीआर कंगोलाई पराजित गर्दै इंग्ल्यान्डका कप्तान केनले गोल गर्दै खेललाई एक एक गोलको बराबरीमा ल्याए ।

खेलको ८६औं मिनेटमा केनले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीलाई दोस्रो अग्रता दिलाए । त्यसपछि दुवै टोलिबाट गोल हुन सकेन । यस हारसँगै कंगो बिश्वकपबाट बाहिरिएको छ ।

# प्रशिक्षक प्रशिक्षण तालिम सुरू

**काठमाडौं (प्रस)–** राजधानीमा बहु खेलकुद प्रशिक्षक तालिम २०८३ सुरु भएको छ । प्रदेश खेलकुद विकास परिषद्-बागमतीको आयोजनामा २० गतेसम्म संचालन हुने तालिम काठमाडौंमा सुरु भएको हो ।

तालिममा बागमती प्रदेशमा रहेका विभिन्न खेलकुद प्रशिक्षकहरूलाई खेलकुदको विभिन्न आयामहरू (खेल विज्ञान, खेलकुद व्यवस्थापन, खेल चिकित्सा) को सम्बन्धी सैद्धान्तिक शिक्षा दिइने छ ।

तालिममा फुटबल, क्रिकेट, तेक्वान्दो र बास्केटबल खेल सम्बन्धि प्रयोगात्मक प्रशिक्षण कार्यक्रम संचालन गर्ने योजना रहेको कार्यक्रमका संयोजक गौरब बस्नेतले बताएका छन् ।


**युएइमा रोजगार** कम्पनी : Ejadah Asset Management Group Llc

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१८ LT. No. 330903 चलानी नं. ६०२४४६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 150 | 50 | 1000 | ४१,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २६ गते (10th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Bishnu: 9851112074, Ganesh : 9841777604, Rajesh : 9801072971, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com
श्रम ईजाजत नं. ५४२/०६१/०६२

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: KOSSAN PAINT SDN BHD
कम्पनी : कोसान पेन्ट एसडीएन बिएचडी

Pre Approval Date : 2026-07-01 पूर्व स्वीकृति मिति : २०८३/०३/१७
LT. No. 344356 एल टि न. ३४४३५६
Invoice No. 60257520 चलानी नं. ६०२५७५२०

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PRODUCTION OPERATION | 19 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६३,६१९ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

The final interview will be conducted in the Office on 10th July 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय, काठमाडौंमा मितिः २०८३ असार २६ गते हुनेछ ।

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund | सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु. २१०० ।- रोजगारदाताले व्यहोर्ने NPR 2100/- By the Employer | ने.रु.१५०० ।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

श्रम ईजाजत नं. ४५१/०६०/६१
**HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.**
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Cell: +977 9823348542,
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com

# भारतसँग सहकार्य विस्तारमा जापानको जोड

**नयाँदिल्ली–** जापानकी प्रधानमन्त्री साने ताकाइचीले भारतको तीनदिने औपचारिक भ्रमणका क्रममा द्विपक्षीय रणनीतिक साझेदारी, आर्थिक सुरक्षा, लगानी र नवप्रवर्तनमा सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेकी छन् । नयाँदिल्ली आइपुगेलगत्तै उनले भारतले गरेको न्यानो स्वागतप्रति आभार व्यक्त गर्दै भ्रमणप्रति उत्साहित रहेको बताइन् ।



जापानी क्याबिनेटको जनसम्पर्क कार्यालयले सामाजिक सञ्जाल एक्समार्फत भारतको स्वागतप्रति धन्यवाद दिँदै भारत भ्रमण गर्न पाउँदा निकै उत्साहित रहेको जनाएको छ । यसअघि केन्द्रीय विज्ञान तथा प्रविधि राज्यमन्त्री जितेन्द्र सिंहले पालम प्राविधिक विमानस्थलमा ताकाइचीलाई स्वागत गरेका थिए । उनका अनुसार भ्रमणका क्रममा हुने १५औं भारत-जापान वार्षिक शिखर सम्मेलनले दुई देशबीचको बढ्दो रणनीतिक साझेदारीलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि ताकाइचीलाई स्वागत गर्दै उनको पहिलो भारत भ्रमणले द्विपक्षीय सम्बन्धलाई अझ गहिरो बनाउने विश्वास व्यक्त गरेका छन् । प्रधानमन्त्री मोदीले दुवै नेताबीच द्विपक्षीय तथा क्षेत्रीय विषयमा विस्तृत छलफल हुने र संयुक्त प्रयासमार्फत इण्डो-प्यासिफिक क्षेत्रसहित विश्वमा शान्ति, स्थिरता र समृद्धि प्रवर्द्धन गर्ने लक्ष्य रहेको उल्लेख गरे ।

ताकाइचीले अन्तर्राष्ट्रिय परिस्थितिमा बढ्दो अनिश्चितताबीच समान मूल्य र रणनीतिक हित साझा गर्ने भारतसँगको सहकार्य अझ महत्त्वपूर्ण बन्दै गएको बताइन् । उनले प्रधानमन्त्री मोदीसँगको भेटवार्तामा जापान-भारत रणनीतिक साझेदारीलाई थप गहिरो बनाउने, आर्थिक सुरक्षामा सहकार्य विस्तार गर्ने तथा दुवै देशका कम्पनीबीच लगानी र नवप्रवर्तनमा सहकार्य बढाउने विषयमा ठोस प्रगति गर्ने अपेक्षा व्यक्त गरिन् । उनले सरकारी तथा निजी क्षेत्रबीचको साझेदारीलाई बलियो बनाउँदै जापान-भारत सहकार्यको दायरा अझ विस्तार गर्ने लक्ष्य रहेको पनि बताइन् ।

प्रधानमन्त्री मोदीको निमन्त्रणामा ताकाइची जुलाई १ देखि ३ सम्मको तीनदिने औपचारिक भ्रमणका लागि भारत आएकी हुन् । *रासस/एएनआई*



बंगलादेशको मुन्सीगञ्जमा रहेको ईँटाभट्टामा ईँटा ओसार्दै कामदार । *तस्बिर: सिन्हवा*

# ह्वाट्सएपको नयाँ सुविधामा भारतको आपत्ति

**नयाँदिल्ली–** भारत सरकारले अनलाइन ठगी र नक्कली परिचय प्रयोग गरेर हुने साइबर अपराध बढ्ने चिन्ता व्यक्त गर्दै मेटालाई ह्वाट्सएपको 'प्रयोगकर्ता नाम' (युजरनेम) सुविधा तत्काल लागू नगर्न आग्रह गरेको छ । सरकारले यसबारे आवश्यक परामर्श पूरा नभएसम्म सुविधा सार्वजनिक नगर्न पत्रमार्फत अनुरोध गरेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

मेटाले सोमबार प्रयोगकर्ताले आफ्नो फोन नम्बर सार्वजनिक नगरी छुट्टै प्रयोगकर्ता नाममार्फत एकअर्कासँग सम्पर्क गर्न सक्ने नयाँ सुविधा विश्वभर ल्याउने घोषणा गरेको थियो । गोपनीयता बढाउने उद्देश्यले ल्याउन लागिएको यो सुविधा भारतमा भने ठगी गर्ने समूहले नक्कली परिचय बनाएर प्रयोगकर्तालाई झुक्याउन सक्ने सरकारको चिन्ता छ ।

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले मेटालाई पठाएको पत्रमा नयाँ सुविधाका कारण अनलाइन ठगी, फिसिङ, डिजिटल गिरफ्तारीजस्ता ठगी र नक्कली परिचय प्रयोगका घटना बढ्न सक्ने उल्लेख गरिएको छ । सरकारी अधिकारीलाई उद्धृत गर्दै इण्डियन एक्सप्रेसले प्राविधिक ज्ञान कम भएका प्रयोगकर्तालाई नक्कली प्रयोगकर्ता नाममार्फत ठगिन सक्ने जोखिम बढी रहने जनाएको छ ।

भारत ह्वाट्सएपको सबैभन्दा ठूलो बजार हो । भारतमा ५० करोडभन्दा बढी प्रयोगकर्ता रहेका छन् । पछिल्ला वर्षहरूमा देशमा साइबर ठगी तीव्ररूपमा बढ्दै गएको छ । सरकारी तथ्यांकअनुसार सन् २०२५ मा भारतीय नागरिकले साइबर ठगीका कारण करिब तीन अर्ब अमेरिकी डलर बराबरको क्षति बेहोरेका छन् । यो सन् २०२१ को तुलनामा करिब ४० गुणा बढी हो ।

मेटाले भने उक्त सुविधा भारतमा अझै सुरु नभएको स्पष्ट पारेको छ । कम्पनीका अनुसार सार्वजनिक व्यक्तित्व र प्रमाणित खाताका प्रयोगकर्ता नाम पहिले नै सुरक्षित राखिएको छ, जसले नक्कली परिचय प्रयोगको जोखिम कम गर्ने छ । साथै, प्रयोगकर्ता नाम प्रयोग गरे पनि ह्वाट्सएप चलाउन फोन नम्बर अनिवार्य रहने र ठगी रोक्न बहुस्तरीय सुरक्षा संयन्त्र समावेश गरिएको कम्पनीले जनाएको छ ।

यसैबीच, मेटाले गत महिना भारतीय फिनटेक उद्यमी कुणाल शाहलाई ह्वाट्सएपको नयाँ प्रमुख नियुक्त गरेको थियो । चीनको टेन्सेन्ट स्वामित्वको वीच्याटमा भने प्रयोगकर्ता नामको सुविधा पहिलेदेखि नै उपलब्ध छ । *रासस/एएफपी*

# बालकले चलाएको ट्रकले आठ भिक्षुको मृत्यु

**बैंकक–** थाइल्याण्डको उत्तरपूर्वी मुकदाहान प्रान्तमा ११ वर्षीय बालकले आफ्ना अभिभावकको पिकअप ट्रक अनुमतिविना चलाउने क्रममा धार्मिक ऱ्यालीमा सहभागी बौद्ध भिक्षुहरूलाई ठक्कर दिँदा आठ भिक्षुको मृत्यु भएको छ भने १० जनाभन्दा बढी घाइते भएका छन् । घटनापछि प्रहरीले दुर्घटनाको कारणबारे अनुसन्धान सुरु गरेको छ ।

प्रहरीका अनुसार ३५ जना भिक्षु र पाँच जना सर्वसाधारण अनुयायी तीर्थयात्राका क्रममा सडक किनार हुँदै हिँडिरहेका बेला बालकले अनुमतिविना चलाएको पिकअप ट्रक नियन्त्रणबाहिर गई ऱ्यालीमा ठोक्किएको थियो । दुर्घटनामा पाँच भिक्षुको घटनास्थलमै मृत्यु भएको थियो भने थप तीन जनाले अस्पतालमा उपचारका क्रममा ज्यान गुमाएका हुन् । घाइतेहरूको मुकदाहान अस्पतालमा उपचार भइरहेको छ ।

मुकदाहान प्रान्तीय प्रहरी प्रमुख मेजर जनरल पैरोज थाइफुत्साले गाडीलाई प्राविधिक परीक्षणका लागि पठाइएको र दुर्घटनाको वास्तविक कारण पत्ता लगाउने काम भइरहेको जानकारी दिए । उनका अनुसार बालकका अभिभावकलाई पनि बोलाइएको छ र बालकको जिम्मेवारी कसको थियो भन्ने आधारमा कानुनी प्रक्रिया अघि बढाइने छ ।

मुकदाहान सिटी प्रहरी प्रमुख प्रयुत रुआनथोंकमले दुर्घटनामा संलग्न चालक ११ वर्षीय बालक रहेको पुष्टि गरे । घटनालगत्तै उद्धार तथा आपत्कालीन स्वास्थ्यकर्मी घटनास्थलमा पुगेर घाइतेहरूको उद्धार गरेका थिए ।

मुकदाहानका प्रान्तीय गभर्नर वोरायन बुन्नारतले यो घटनालाई सडक सुरक्षाबारे गम्भीर चेतावनीका रूपमा लिनुपर्ने बताए । उनले पछिल्ला वर्षहरूमा सडक सुरक्षा कडा बनाइए पनि यस्ता दुर्घटना दोहोरिन नदिन सबैको, विशेषगरी अभिभावकको, जिम्मेवारीपूर्ण भूमिका आवश्यक रहेको उल्लेख गरे । *रासस/एएफपी*

# सुकीको अज्ञात नजरबन्द



**न्यापिडो (म्यान्मा)–** म्यान्माकी अपदस्थ नेतृ आङ सान सुकीलाई सैन्य सरकारले राजधानी न्यापिडोमा नजरबन्दमा राखेको जनाएको भए पनि उनलाई वास्तवमा कहाँ राखिएको छ भन्ने विषय अझै रहस्यमै छ । सन् २०२१ को सैनिक 'कू' पछि सार्वजनिकरूपमा नदेखिएकी ८१ वर्षीया सुकीको ठेगाना सैन्य अधिकारी, राजनीतिज्ञ र राजधानीका स्थानीय बासिन्दासमेतलाई थाहा नभएको बताइएको छ ।

सैनिक शासक मिन आङ ह्लाइङले अप्रिलमा सुकीलाई न्यापिडो जेलबाट नजरबन्दमा सारिएको घोषणा गर्दै त्यसलाई दयाको कदमका रूपमा प्रस्तुत गरेका थिए । तर आलोचकहरूले उनी अझै कडा निगरानीमा रहेको अज्ञात स्थानमा अलग्गै राखिएकाले यो निर्णय सुकीप्रतिको अन्तर्राष्ट्रिय दबाब कम गर्ने प्रयासमात्र भएको बताएका छन् ।

न्यापिडो करिब १० लाख जनसंख्या भएको विशाल योजनाबद्ध राजधानी हो । यहाँ जंगल, धानबारी र फराकिला बहुलेन सडकबीच सरकारी परिसरहरू छरिएर रहेका छन् । सहरको संरचना नै सुरक्षा र गोपनीयतालाई प्राथमिकता दिएर निर्माण गरिएकाले यहाँ कसैको ठेगाना पहिचान गर्न कठिन हुने विज्ञहरूको भनाइ छ । सैन्य समर्थक युनियन सोलिडेरिटी एण्ड डेभलपमेन्ट पार्टी (युएसडिपी) का नेता थेइन तुन ओओलेसमेत सुकी कहाँ छिन् भन्ने जानकारी आफूलाई नभएको स्वीकार गरेका छन् ।

सन् २००५ मा तत्कालीन सैन्य शासक थान श्वेले राजधानी बनाएको न्यापिडोलाई राजनीतिक विद्रोह र बाह्य हस्तक्षेपबाट सत्ता सुरक्षित राख्ने उद्देश्यले विकास गरिएको सहरी योजनाकारहरूको विश्लेषण छ । विशाल संसद् भवन, खालीजस्तै देखिने सडक, मोबाइल इन्टरनेट अवरोध गर्ने प्रणाली र कडा सुरक्षा व्यवस्थाले सहरलाई बाहिरी संसारबाट अलग्गिएको अनुभूति गराउने उनीहरूको भनाइ छ । कोलम्बिया विश्वविद्यालयका सहायक प्राध्यापक तथा वास्तुविद् गालेन पार्डीका अनुसार न्यापिडोको बनोट परम्परागत सहरी योजनाभन्दा राजनीतिक नियन्त्रणलाई केन्द्रमा राखेर गरिएको हो ।

स्थानीय बासिन्दाले पनि सहरका धेरै स्थान आफूहरूलाई समेत अपरिचित लाग्ने भएकाले सुकी कहाँ राखिनुभएको छ भन्ने अनुमान गर्न नसकिने बताएका छन् । सुरक्षाका कारण नाम सार्वजनिक नगरेकी एक स्थानीय महिलाले सहरका धेरै सडक अझै आफूहरूलाई पनि अलमल लाग्ने बताउँदै सुकीको वास्तविक स्थानबारे कुनै जानकारी नभएको उल्लेख गरे ।

स्वतन्त्रता सेनानी आङ सानकी छोरी सुकीले सन् १९८८ मा म्यान्मा फर्किएपछि प्रजातन्त्र आन्दोलनको नेतृत्व गरेकी थिइन् । त्यसपछि उनले वर्षौं नजरबन्द जीवन बिताएकी थिइन् र सन् १९९१ मा नोबेल शान्ति पुरस्कार प्राप्त गरेका थिइन् । पछि सैनिक शासनले सीमित लोकतान्त्रिक व्यवस्थामा उनलाई शासन गर्न दिए पनि सन् २०२१ को सैनिक 'कू' पछि उनलाई पुनः गिरफ्तार गरिएको थियो । त्यसयता अधिकारवादी समूहहरूले राजनीतिक उद्देश्यले लगाइएका आरोपका आधारमा उनलाई कैदमा राखिएको भन्दै आलोचना गर्दै आएका छन् ।

सुरक्षा निकायका दुई स्रोतले सुकीलाई नजरबन्दमा सारिएको भनिए पनि उनलाई कुन क्षेत्रमा राखिएको छ भन्ने जानकारी अधिकांश सुरक्षा अधिकारीसमेतलाई नभएको बताएका छन् । सुकीका छोरा किम एरिसले लण्डनबाट एएफपीसँग कुरा गर्दै आमालाई घरजस्तो सुविधा भएको निवासमा नभई निजी जेलसरहको स्थानमा राखिएको विश्वास व्यक्त गरे । उनका अनुसार अहिलेको अवस्था विगतका वर्षहरूमा उनले भोगेको नजरबन्द जीवनभन्दा खासै फरक छैन । *रासस/एएफपी*

# ट्रम्पविरुद्ध युरोप एकजुट

रोम- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीमाथि सार्वजनिकरूपमा आलोचना गरेपछि त्यसको उल्टो प्रभाव देखिएको छ । ट्रम्पको दबाबले मेलोनीलाई अलग पार्ने सट्टा युरोपेली नेताहरूलाई उनको पक्षमा उभिन प्रेरित गरेको विश्लेषकहरूले बताएका छन् । यससँगै रक्षा, सुरक्षा, व्यापार र विदेश नीतिमा युरोपेली एकता झन् बलियो बन्दै गएको आकलन गरिएको छ ।

ट्रम्पले इटालीको विश्वसनीयतामाथि प्रश्न उठाउँदै मेलोनीले आफ्नो ध्यान आकर्षित गर्न खोजेको आरोप लगाएपछि युरोपेली नेताहरूले उनीप्रति समर्थन जनाएका हुन् । विगतमा मेलोनीको दक्षिणपन्थी राजनीतिक पृष्ठभूमिका कारण दूरी कायम राख्ने केही युरोपेली देशसमेत अहिले उनीसँग सहकार्य बढाउने पक्षमा देखिएका छन् ।

विश्लेषकहरूका अनुसार युक्रेन र इरानका युद्ध, चीनसँग बढ्दो व्यापार असन्तुलन तथा रुसबाट उत्पन्न सुरक्षा चुनौतीका कारण युरोपेली देशहरू साझा रणनीति बनाउन बाध्य भएका छन् । जर्मन मार्सल फण्डकी उपाध्यक्ष सुधा डेभिड-विल्पका अनुसार युरोपले अहिले अमेरिका र चीनबीच आफ्नो प्रभाव जोगाउन सामूहिकरूपमा अघि बढ्नुपर्ने आवश्यकता महसुस गरेको छ । यही एकताको परीक्षा आगामी साता टर्कीमा हुने नाटो शिखर सम्मेलनमा हुने अपेक्षा गरिएको छ ।

ट्रम्पसँगको विवादपछि मेलोनीको युरोपेली नेताहरूसँगको सम्बन्ध उल्लेखनीयरूपमा नजिकिएको छ । मार्चमा उनले संसद्को स्वीकृतिविना सिसिलीस्थित सैन्य अड्डा प्रयोग गर्न अमेरिकी बमवर्षकलाई अनुमति नदिने निर्णय गरेकी थिइन् । यसअघि विदेश नीतिसम्बन्धी महत्त्वपूर्ण छलफलबाट प्रायः बाहिर राखिने मेलोनी हाल जर्मनी, फ्रान्स, बेलायत र पोल्याण्डका नेताहरूसँग नियमित समन्वयमा देखिएकी छन् । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनसँगको द्विपक्षीय शिखर बैठकले पनि यही परिवर्तनलाई संकेत गरेको छ ।

युरोपका राष्ट्रवादी दलहरूले पनि ट्रम्पप्रतिको आफ्नो धारणा परिवर्तन गर्न थालेका छन् । फ्रान्सका दक्षिणपन्थी नेता जोर्डन बार्डेलाले अमेरिकी नीतिलाई विदेशी हस्तक्षेपको संज्ञा दिँदै ट्रम्पलाई अस्थिर नेतृत्वकर्ता भनेका छन् । जर्मनीको अल्टरनेटिभ फर जर्मनी (एएफडी) पार्टीले पनि इरानविरुद्धको अमेरिकी सैन्य अभियानको आलोचना गरेको छ । विश्लेषकहरूका अनुसार आगामी निर्वाचनलाई ध्यानमा राख्दै यी दलहरूले अन्तर्राष्ट्रिय मुद्दाभन्दा घरेलु राजनीतिमा बढी केन्द्रित हुने रणनीति अपनाइरहेका छन् ।

ट्रम्पको प्रभाव युरोपेली संघ (इयू) भन्दा बाहिर पनि देखिएको छ । ग्रिनल्याण्ड कब्जा गर्ने उनको चेतावनीपछि डेनमार्क र ग्रिनल्याण्डमा विरोध प्रदर्शन भएका थिए भने अल्बानियामा ट्रम्प परिवारसँग जोडिएको एक विलासी परियोजना राजनीतिक विवादको विषय बनेको छ । हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले पनि ट्रम्पसँगको निकट सम्बन्धका कारण राजनीतिक दबाब बेहोर्नुपरेको विश्लेषण सार्वजनिक भएको छ ।

यद्यपि आप्रवासन र सुरक्षाजस्ता केही विषयमा मेलोनी र ट्रम्पको धारणा मिल्ने गरे पनि युक्रेन युद्धमा मेलोनीको अडान युरोपेली साझेदारसँग नजिक रहेको छ । उनले किएभलाई निरन्तर समर्थन गर्दै आएकी छन् र यसले युरोपसँगको सम्बन्ध थप बलियो बनाएको छ । ट्रम्पसँगको सार्वजनिक विवादपछि मेलोनीले उनीसँगको सम्बन्धले आफ्नो लोकप्रियतामा कुनै लाभ नपुगेको प्रतिक्रिया पनि दिएकी थिइन् । हालैको प्यु रिसर्च सेन्टरको सर्वेक्षणअनुसार इटालीका ८३ प्रतिशत नागरिकले ट्रम्पको विदेश नीतिमाथि विश्वास नगरेको बताएका छन् । *रासस/एपी*


**मलेसियामा रोजगार** कम्पनी : MAKMURPLUS INDUSTRY SDN. BHD

पूर्व स्वीकृति मिति : २०८३/03/१७ | LT. No. 344188 | चलानी नं. ६०२५७५१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oil Palm Worker | 6 | 0 | 1700 | न | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**J.K. OVERSEAS PVT. LTD.**
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016, Jiwan Thapa, 9851055504
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम इजाजत नं. १७२०/०८१/०८२

**कतारमा रोजगार** कम्पनी : YELLOW RIVER TRADING W.L.L.

पूर्व स्वीकृति मिति : २०८३/03/१७ | LT. No. 344270 | चलानी नं. ६०२५७५५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1300 | ५४,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Cleaner | 1 | 0 | 1000 | ४१,८४० | | | | | | | |
| 3 | All Vehelicls Driver | 1 | 0 | 1900 | ७९,५०० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 1587/079/80
**SAAD OVERSEAS PVT.LTD.**
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com

**मलेसियामा रोजगार** कम्पनी : SURIA PRESS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/03/१७ | LT. No. 344210 | चलानी नं. ६०२५७५३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 1700 | ६३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साल २६ गते (10th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81

**मलेसियामा रोजगार** कम्पनी :COUNTERFORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/03/१८ | LT. No. 333573 | चलानी नं. ६०२४७२५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 11 | 0 | 1700 | ६३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SAMBAL CHILLI SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/03/१७ | LT. No. 344221 | चलानी नं. ६०२५७५१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Service Crew | 17 | 0 | 1700 | ६३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ANCOM CROP CARE SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/03/११ | LT. No. 344047 | चलानी नं. ६०२५७३५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 60 | 0 | 1700 | ६३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २६ गते (10th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.**
Koteshwor-32 Kathmandu, Nepal, Tel: +977-1-5147319, 9812861346, Email : infosherpa1@gmail.com
Govt. License 430/060/061

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८३५०० | प्रति तोला – ० | प्रति तोला – ४४५० |

## पर्यटन प्रवर्द्धनका लागि नेपाल र दक्षिण कोरियाबीच समझदारीपत्रमा हस्ताक्षर

■ प्रभाव संवाददाता




**काठमाडौं–** एजट्रेक डिजिटल सेफ्टी सिस्टमको प्रयोग गरी कृतिम बुद्धिमत्ता (एआई) मा आधारित ट्र्याकिङ तथा मूल्यांकन प्रणालीको माध्यमबाट पदयात्रा तथा पर्वतीय पर्यटनलाई पूर्वानुमान योग्य, जोखिम मुक्त र थप सुरक्षित बनाउने उद्देश्यले ट्रेकिङ एजेन्सिज् एशोसिएशन अफ नेपाल (टान) र दक्षिण कोरियाको प्रविधिसम्बन्धी कम्पनी आइबिएल कम्पनी लिमिटेडका बीच समझदारीपत्रमा हस्ताक्षर भएको छ।

समझदारीपत्रमा संघका तर्फबाट महासचिव सोनाम ग्याल्जेन शेर्पा र कोरियाली प्रतिनिधिमण्डलका तर्फबाट आइबिएलका प्रमुख कार्यकारी अधिकृत सु डो किमले बिहीबार हस्ताक्षर गरेका छन्।

समझदारीपत्र बमोजिम टानले आइबिजेड तथा सम्बद्ध कोरियन संस्थाहरूसँगको सहकार्यमा स्मार्ट सफ्टवेयर प्रविधिको प्रयोगका माध्यमबाट पदयात्रामा जाने पदयात्री, पथपर्दशक तथा सहयोगी श्रमिकहरूको जोखिम पूर्वानुमान, 'रिएल टाइम लोकेशन' पहिचान तथा उद्धार कार्यलाई सहज बनाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, गन्तव्य क्षेत्रका स्थानीय सरकारलगायतका सरकारी निकायहरू, निजी क्षेत्र, अनुसन्धान निकायहरू र व्यवसायीहरूसँग समन्वय गरी कुनै एउटा पदयात्रा मार्गमा परीक्षणका रूपमा ट्र्याकिङ प्रविधि जडान गरिने उल्लेख छ।

त्यसको परीक्षणका आधारमा सरकारका सम्बन्धित निकायहरूबाट आवश्यक अनुमति लिई संघका सदस्य कम्पनीहरूलाई आवश्यक अभिमुखीकरण तथा तालिम प्रदान गरी बृहत्तर रूपमा उक्त प्रणालीको प्रयोग गरिने सो अवसरमा टानका महासचिव शेर्पाले बताए।

कार्यक्रमको संयोजन गरेका संघका सह-कोषाध्यक्ष लाक्पा तेम्बा शेर्पाले प्रविधिको स्थापना गर्न, प्राविधिक तालिम उपलब्ध गराउन तथा एआईसमेतको प्रयोग गरी पर्यटकको 'रियल टाइम डाटावेश' तयार गर्ने, जोखिमका बारेमा पूर्वसूचना दिनेलगायतका प्राविधिक पक्षमा कम्पनीले सहयोग गर्ने जानकारी दिए।

टानका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र सेढाईंले सम्बन्धित सरकारी निकायहरू, गन्तब्य क्षेत्रका सरोकारवाला निकायहरू, टानका सदस्य कम्पनीहरू तथा प्रविधि बिज्ञहरूसँग समन्वय गरी पदयात्रा तथा पर्वतीय पर्यटनलाई सुरक्षित, प्रभावकारी र विश्वसनीय बनाउन सकिने सम्भावना रहेको उल्लेख गरे।

समझदारीपत्र हस्ताक्षर कार्यक्रममा आइबिएल कम्पनी लिमिटेड उपाध्यक्ष डा. जेम्स पार्क, क्यूङसङ विश्वविद्यालयका इलेक्ट्रोनिक्स इन्जिनियरिङ विभागका अध्यक्ष प्राध्यापक डा. पार्क जङ सिक, कोरिया डिजास्टर एण्ड सेफ्टी इन्डस्ट्रीयल टेक्नोलोजी रिसर्च एशोसिएशनका बोर्ड अध्यक्ष नोह ही जङ, कोरिया एशोसिएशन इन नेपालका अध्यक्ष चा सेङवोनलगायतका सदस्यहरूको समेत उपस्थिति रहेको थियो।

## सरकार उद्योगी व्यवसायी मैत्री हुन आवश्यक : वैद्य



■ दामोदर खनाल

**रूपन्देही–** रूपन्देहीमा आयोजित एक कार्यक्रमका बक्ताहरूले पछिल्लो समय सरकारका गतिविधि उद्योगी व्यवसायी मैत्री नभएको गुनासो गरेका छन्। उनीहरूले उद्योग व्यवसाय बन्द भएको, अर्थतन्त्रले गति नलिएका बेला फुल अडिट र व्यावसायिक धरपकडले धराशायी भएका उद्योग व्यवसायले गतिलिन नसक्ने बताएका छन्।

नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष सुरकृष्ण बैद्यले सरकार निजी क्षेत्रमैत्री भएर अगाडि बढ्न आवश्यक रहेको बताए। तिलोत्तमा उद्योग बाणिज्य संघ रूपन्देहीको १२ औं स्थापना दिवसको उद्घाटन गर्दै उनले अर्थतन्त्रले गति लिन नसकेका बेला सरकार उद्योगी व्यवसा यीमैत्री हुन आवश्यक रहेको दाबी गरे। उनले अगाडि भने उद्योगी व्यवसायीले पनि अब टेवलमाथि एउटा विल टेवुल मुनि अर्को विल वनाएर उद्योग व्यापार गर्न नहुने वताए।

सरकारले सुशासन कायम गर्न खोजेको सकारात्मक भएको बताउँदै सम्पत्ति शुद्धिकरणका नाममा उद्योगी व्यवसायीलाई जथाभावी गर्न नहुने बताउँदै सरकार नीति विधिमा टेकेर स्वच्छ वातावरण दिएर अगाडि बढ्न आवश्यक रहेको सुझाव दिए।

उपाध्यक्ष वैद्यले नयाँ सरकार आएपछि धेरैका ईच्छा आकाक्षा बढे पनि देशमा उद्योग व्यापार धराशायी भएको छ, व्यापार चलेको छैन, बैकमा रकम डम्प भएकोले साना मझौला उद्योग व्यापार चल्ने वातावरण सृजना गर्न आवश्यक रहेको पनि बताए। सरकार आर्थिक चलायमान हुने वातावरण वनाउन लाग्न सके अर्थतन्त्र चलायमान भई रोजगार सिर्जना हुने पनि बताए । कार्यक्रममा तिलोत्तमा उद्योग बाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले संस्थाको गतिविधि बारे प्रकाश पार्दै तिलोत्तमा क्षेत्र सम्भावना भएको क्षेत्र भएकाले तिलोत्तमा नगरपालिकालाई रूपन्देहीको महानगरपालिका बनाउन पहल गर्ने बताए।

नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष कृष्णप्रसाद शर्माले सरकार सुशासन कायम गर्दै उद्योगी मैत्री भएर अगाडि बढ्न सके मात्र मुलुकले गति लिने वताए। हामीले व्यवसाय गर्न नसकेकाले टिकाई मात्र रहेका छौं। अब हामीले व्यापार व्यवसायमा दत्तचित्त भएर लाग्न पर्नेमा जोड दिए।

कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रीय सदस्य हरि अर्याल, लुम्बिनी प्रदेश अध्यक्ष ठाकुरकुमार श्रेष्ठ, सिद्वार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्य संस्थापक अध्यक्ष माधव भण्डारीलगायतले मनतव्य राखेका थिए।


## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com


### कर्पोरेट

## सानिमा बैंकद्वारा सातै प्रदेशमा गर्भवती तथा सुत्केरी महिलाका पौष्टिक खाना वितरण



**काठमाडौं (प्रस)–** सानिमा बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शिक्षा, स्वास्थ्य, मानविय हित, वित्तीय साक्षरता लगायत अन्य विभिन्न जनसरोकारमा क्षेत्रहरूमा निरन्तर योगदान पुराउँदै आएको छ। यसै सिलसिलामा, समाजका लक्षित वर्गलाई प्रत्यक्ष लाभान्वित गराउने उद्देश्यका साथ बैंकले देशका सातै प्रदेशमा गर्भवती तथा सुत्केरी महिलाहरूका लागि स्वास्थ्य शिविर र पौष्टिक खाना वितरण गर्ने कार्य सम्पन्न गरेको छ।

गर्भावस्था तथा सुत्केरी अवस्थामा देखिन सक्ने पोषणको अभाव, रक्तअल्पता र अन्य स्वास्थ्य जटिलताहरूबाट आमा तथा नवजात शिशुहरूलाई जोगाउन र यसको न्युनिकरण गर्ने दीर्घकालीन लक्ष्यका साथ बैंकले यो कार्यक्रम आयोजना गरेको हो।

यस अभियान अन्तर्गत बैंकले सातै प्रदेशका विभिन्न नगरपालिका, गाँउपालीका तथा वडा कार्यलयसंग समन्वय गरी करीब १०५० गर्भवती तथा सुत्केरी महीलाहरूलाई प्रत्यक्ष सेवा प्रदान गरेको छ। शिविरमा सहभागी गर्भवती तथा सुत्केरी महीलाहरूको स्वास्थकर्मीहरूद्वारा आवश्यक स्वास्थ्य जाँच गरिनुका साथै उनिहरूलाई ३ महिनाका लागि पुग्ने स्वास्थ्यप्रवर्द्धक पौष्टिक खाध सामाग्रीहरू वितरण गरिएको थियो। बैंकले भविष्यमा पनि समाजका लक्षित वर्गमा सकारात्मक प्रभाव पर्ने किसिमका क्रार्यक्रमहरूलाई निरन्तरता दिने जनाएको छ। सानिमा बैंकको सातै प्रदेशमा हाल १३४ वटा कार्यालयहरू र १२७ वटा ए.टि.एम. संचालनमा रहेका छन्।

## लायन्स डिष्ट्रिक्ट ३२५ के नेपालद्वारा 'महिला सुरक्षा घर'लाई सहयोग

**पोखरा (प्रस)–** लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ के नेपालद्वारा 'महिला सुरक्षा घर'मा किचेन,डाइनिङ हल मर्मत तथा निर्माण र भान्साका सामाग्री हस्तान्तरण गरिएको छ। लायन्स क्लब्स अन्तर्राष्ट्रिय फाउण्डेशन (एलसिआइएफ) बाट लायन बर्ष २०२५ २०२६ मा डिसिजि ग्रान्टबाट प्राप्त १० लाख बराबरको सहयोग सामाग्री पोखराको कोपिला नेपालद्वारा संचालित महिला सुरक्षा घरमा हस्तान्तरण गरिएको हो।

लायन्स क्लब अफ पोखरा संगम, लायन्स क्लब अफ पोखरा पिस चौतारी र कोपिला नेपाल समेतको सहयोग र डिसिजि ग्रान्टबाट प्राप्त रकमबाट सो सुरक्षा घरमा किचेन मर्मत, डाइनिङ हल निर्माण, मार्वल, टायल, डाइनिङ टेवल, कुर्सी, फ्रिज, पंखा, वाशिङ मेसिन, राइसकुकर, इन्डक्सन चुल्हो, ग्यास सिलिन्डर, किचेनका भाँडाकुँडा तथा माग अनुसारको खाध्यान्न सामाग्री एक समारोह बीच डिष्ट्रिक्ट ३२५ के नेपालका लायन बर्ष २०२५ २०२६ का डिष्ट्रिक्ट गभर्नर लायन दुर्गाप्रसाद हुमागाईले हस्तान्तरण गरेका थिए। कार्यक्रममा मन्तब्य राख्दै डिष्ट्रिक्ट गभर्नर हुमागाईले लायन्सको यो सहयोगबाट महिला सुरक्षा घरमा रहेका महिला तथा बालबालिकाहरू अत्यन्तै खुसी भएको र उनीहरूमा देखिएको खुसीले हामीलाइ सेवा कार्यमा लाग्न थप प्रेरणा मिलेको बताए।

कोपिला नेपालका कार्यकारी निर्देशक बिना सिलवालले लायन्सबाट प्राप्त यो सहयोगले महिला सुरक्षा घरमा रहेका महिला तथा बालबालिकाहरूलाइ ठुलो सहयोग पुगेको बताउदै लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ के नेपाल परिवारलाइ धन्यबाद दिइन्। डिष्ट्रिक्ट गभर्नर लायन दुर्गा प्रसाद हुमागाईको अध्यक्षतामा सम्पन्न उक्त सहयोग हस्तान्तरण कार्यक्रममा लायन्स अन्तर्राष्ट्रिय मलि्टपल डिष्ट्रिक्ट ३२५ नेपालका एमडि कोअर्डिनेटर लायन दिपक श्रेष्ठ, पुर्व डिष्ट्रिक्ट गभर्नर लायन बिशेस्वर आचार्य, कोपिला नेपालका कार्यकारी निर्देशक बिना सिलवाल, कोपिला नेपालका प्रोग्राम कोअर्डिनेटर तिर्थ थापा लगायतले मन्तब्य राखेका थिए।






कार्यक्रममा डिष्ट्रिक्ट फस्ट लेडी सरिता दाहाल हुमागाइ, डिष्ट्रिक्ट चिफ एड्भाइजर लायन टिकाराम सापकोटालगायत डिष्ट्रिक्टका लायन लिडर तथा पदाधिकारी र सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो। यो सहयोग हस्तान्तरण कार्यक्रमको संयोजन प्रोजेक्ट चेयरपर्सन एवं क्याबिनेट कोषाध्यक्ष लायन रामकुमार लामिछानेले गरेका थिए।

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक